परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ४३ २०७८ जेठ १६ गते आईतवार Sunday 30, MAY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## पच्चीस लाख बराबरको खाद्यान्न हस्तान्तरण

बिराटनगर । नेपाल उध्योग परिसघ प्रदेश न १ को प्रमुख सल्लाहकार तथा एसियन थाइफुड इन्डष्ट्री प्रा लि का प्रबन्ध निर्देसक महेश जाजु र संचालक राधेश्याम सारडाले २५ लाख बराबरको खाद्यान हस्तान्तरण गरेको छ ।

सुनसरीको दुहवी नगरपालिका वडा नं. ९ स्थित एशियन थाइ फूड्स प्रा.लि.को प्रागणमा एक कार्यक्रमको आयोजना गरी गरीब तथा अति-विपन्न परिवारहरुका लागि नगरपालिकालाई राहत स्वरुप खाद्यान्न हस्तान्तरण गरेको हो ।



नेपाल उद्योग परिसंघ प्रदेश नं: १ विराटनगरले लकडाउनबाट प्रभावित बनेका गरीब, अति-विपन्न, दैनिक ज्याला मजदुरी गर्ने वर्गका मानिसहरुलाई राहत स्वरुप खाद्यान्न वितरण गर्नका लागि स्थानीय जनप्रतिनिधीहरुलाई राहत सामग्री उपलब्ध गराएको छ ।

दोस्रो लहरको कोरोना संक्रमण शुरु भएपछि सरकारले लगाएको लकडाउनमा अतिविपन्न परिवार लाई खाद्यान्न अभाव भएको महशुस गरी चामल, दाल, नुन, खाने तेल लगायतका खाद्यन्न स्वरुप राहत उपलब्ध गराएको छ ।

खाद्यन्न स्वरुप राहत उपलब्ध गराएपछि दुहबी नगरपालिका वडा नं: ९ का वडाअधयक्ष मेहदी हुसेनले खाद्यान्न ग्रहण गर्नुहुँदै निकै खुशी हुँदै राहत स्वरुप खाद्यन्न दिएर एशियन थाइ फूड्सको सहयोगमा नेपाल उद्योग परिसंघ प्रदेश नं: १ विराटनगरले सराहनीय काम गरेको वताए ।

सरकारले गरीब तथा अति-विपन्न परिवारहरुका लागि राहतको घोषणा नगरेको भन्दै गुनासो गरेका थिए ।

लकडाउनको कारणले दैनिक ज्याला मजदुरी गर्न नपाउँदा जीविकोपार्जन गर्न समस्या भएको वेला अति विपन्नहरुका लागि एशियन थाइ फूड्स प्रा.लि. सुनसरीले सहयोग जुटाइदिएको एशियन थाइ फूड्स प्रा.लिका जर्नल मेनजर, समिर शाह र परिसंघका उपाध्यक्ष दिपक पौडेलले जानकारी गराएका थिए ।

राज्यले नसोचेको बेला एशियन थाइ फूड्सको सहयोगमा नेपाल उद्योग परिसंघ प्रदेश नं: १ विराटनगरले अति विपन्नहरुको पहिचान गरेर राहत वितरण गरेको परिसंघका अध्यक्ष भीम घिमिरेले वताए । समाजका कुनै पनि अति विपन्न व्याक्ति कोरोनावाट संक्रमित छ भने त्यसता हरुलाई राहत स्वरुप खाद्यन्न उपलब्ध गराउने घिमिरेले प्रतिबद्धता जनाएका थिए ।

२ सय परिवारलाई खाद्यान्न वितरण गर्ने गरी दुहवी नगरपालिकाका वडा नं.२, ८, १० र ११ अध्यक्षहरुलाई हस्तान्तरण गरेका थिए । एक परिवारमा मास्क १० थान, रम-पम १ प्याकेट, लुज भुजिया १ किलो, रम-पम विष्कुट १ प्याकेट, नुन एक किलो, खाने तेल आधा लिटरे, चामल ५ किलो, र १ किलो दाल वितरण गर्ने भएको छ ।

## एम्बुलेन्समा गाँजा तस्करी

बिराटनगर । मानवलाई आकस्मिक सेवा दिने एम्बुलेन्समा गाँजा तस्करी हुन थालेको छ ।

सुनसरी धरान उपमहानगर पालिका वडा नं. २ रत्नरोड स्थितबाट प्रहरीले एम्बुलेन्सबाट १०० के.जी. गाँजा सहित २ जनालाई पक्राउ गरेपछि एम्बुलेन्समा समेत गाँजा तस्करी हुने गरेको रहस्य खुलेको छ ।

सोमबार अस्थाई प्रहरी चौकी अमरहाटबाट खटिएको प्रहरी टोलीले धनकुटाको भेडेटारबाट धरानतर्फ आउदै गरेको को १ च ५५५९ नम्बरको एम्बुलेन्सलाई रोकी चेकजाँच गर्दा एम्बुलेन्सको पछाडीको भागमा २५/२५ के.जी. को ४ वटा झोलामा १ सय केजी लागूऔषध गाँजा बरामद गरेको हो ।

बरामद गरिएको गाँजा सहित एम्बुलेन्स, एम्बुलेन्स चालक धरान उपमहानगर पालिका वडा नं. १५ का ३६ बर्षीय बल बहादुर लिम्बु र सोही एम्बुलेन्समा सवार धनकुटा घर भई हाल धरान ११ बस्ने २८ बर्षीय पोशन राईलाई पक्राउ गरि ईलाका प्रहरी कार्यालय धरान सुनसरीबाट थप अनुसन्धान भईरहेको छ ।

## संक्रमण निको हुनेको संख्या बढी

विराटनगर । प्रदेश १ मा कोरोना संक्रमितको संख्या थपिनु भन्दा मुक्त हुनेको संख्या बढेको छ ।

शनिवार कोरोना संक्रमण हुनेको संख्या ७०१ रहेको छ भने मुक्त हुनेको संखया ९९५ रहका छन् । सवैभन्दा बढी मोरंगमा ३४६जना संक्रमणमुक्त भएको छ । सामाजिक विकास मन्त्रालयकाअनुसार ४३१ महिला र ५६४पुरुष संक्रमणमुक्त भएका छ ।

संक्रमिति थपिएको मध्ये मोरङमा २०६, झापामा २०५, सुनसरीमा १२१, धनकुटामा ५५, संखुवासभामा ४०, खोटाङमा १३,इलाममा ८,उदयपुरमा ५, पाँचथर र भोजपुरमा ३/३, तेर्हथुममा २, ताप्लेजुङमा १ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण पुष्टी भएको छ ।

विराटनगरमा ६७ महिला र ७८ पुरुष सहित १४५, सुन्दरहरैचामा २५, कटहरीमा ११, बुढीगंगामा १०, बेलबारीमा ४, मिक्लाजुङ र ग्रामथानमा २/२,पथरीशनिश्चरे, रंगेली, धनपालथान, जहदा, उर्लाबारी र

वांकी अन्तिम पेजमा...

## प्रधानमन्त्रीको कदम विरुद्ध मोर्चावन्दी

विराटनगर । प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले गत जेठ ७ गते गरेको संसद विघटनको विरुद्धमा मोरङका राजनीतिक दलहरुले मोर्चाबन्दी सुरु गरेका छन् ।

नेपाली कांग्रेस मोरङका जिल्ला कार्यालयमा बसेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले (नेपाल खनाल पक्ष) र जनता समाजवादी पार्टी उपेन्द्र पक्ष समेतको जिल्लास्तरीय बैठकले प्रतिनिधिसभा विघटनको विरुद्धमा मोर्चाबन्दी सुरु गरेको हो । चारै दलहरुको तर्फबाट संयुक्त विज्ञप्ति जारी गर्दै प्रधानमन्त्री ओलीले गत जेष्ठ ७ गते मध्यरातमा चालिएको कदम अलोकतान्त्रिक, असंवैधानिक, जनविरोधी तथा राष्ट्रघाती भएको दाबी गर्दै घोर निन्दा एवं भर्त्सना समेत गरेको छ ।

'प्रधानमन्त्री खड्ग प्रसाद ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको मिलेमतोमा पुन: यही जेष्ठ ७ गते मध्यरातमा चालिएको अलोकतान्त्रिक, असंवैधानिक, जनविरोधी तथा राष्ट्रघाती कदमको हामी मोरङ जिल्लास्थित राजनीतिक पार्टीहरू घोर निन्दा एवं भर्त्सना गर्दछौं भन्दै विज्ञप्तिमा भनिएको छ, 'मुलुक कोभिडको महामारीले आक्रान्त भएको यस विषम परिस्थितिलाई पूर्ण रूपमा बेवास्ता गरि चालिएको यस्तो गलत कदमका विरुद्धमा न्यायिक एवम् राजनीतिक रूपमा प्रतिवाद गर्न सम्पूर्ण न्यायप्रेमी, जनता तथा सम्पूर्ण लोकतन्त्रवादी शक्तिलाई हामी अपिल गर्दछौं ।'

त्यसैगरी कांग्रेस मोरङका सभापति डिगबहादुर लिम्बू, माओवादी केन्द्रका जिल्ला सचिव गणेश उप्रेती सुशील, नेकपा एमाले (नेपाल-खनाल पक्ष)का सचिव राजन केसी र जनता समाजवादी पार्टी मोरङका अध्यक्ष राजकुमार यादवले हस्ताक्षर गरेका छन् ।

विज्ञप्तिमा संवैधानिक व्यवस्था अनुसार बहुमत संसद सदस्यहरूको माग दाबीलाई न्यायिक मान्यता दिई

वांकी अन्तिम पेजमा...

## स्वच्छ खाद्य पदार्थ उपभोगका लागि अनुरोध

- प्याकिङ्ग भएको खाद्य पदार्थको बाहिरी आवरणमा लेबलमा खुलाउनुपर्ने उत्पादन मिति, उपभोग्य मिति ब्याच नम्बर, तौल, आयतन, उद्योगको पुरा नाम ठेगाना आदि हेरेर मात्र खरीद गरौ । साथै उपभोग्य मिति नाघेका खाद्य पदार्थ खरिद नगरौं ।
- अखाद्य रंग प्रयोग भएका अत्यधिक रंग प्रयोग भएका रङ्गीचङ्गी मिठाई लगायतका खाद्य पदार्थ खरीद नगरौ ।
- सडेगलेका झिंगा भन्केका खुल्ला (नछोपी) राखेका फोहर ठाउँ तथा विषाक्त अवस्थामा तयार पारिएका धूलो पर्ने स्थानमा राखेका खानेकुरा दुसी परेका किरा लागेका डल्ला परेका अस्वाभाविक गन्ध आउने खाद्य पदार्थको प्रयोग नगरौं ।
- तेलमा तारेका पकाएका खानेकुरा खाँदा पत्रपत्रिकाम राखि खाने बानी नगरौं ।
- ताजा र स्वच्छ खाद्य बस्तुको उपभोगमा ध्यान दिऔं ।
- खाद पदार्थको गुणस्तर सम्बन्धमा समस्या भएमा कार्यालयमा गुनासो/उजुरीको माध्यमबाट जनाकारी गराऔ ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर मोरंग**
**सम्पर्क फोन नं. ०२१-४७०२२१, ४७०८२८**

SUKRATARA FURNITURE UDYOG

9842033365
9805391277

BIRATNAGAR

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## प्रतिनिधी...

स्वास्थ्य पूर्वाधार र जनशक्ति विकास गरिनेछ ।

५९. श्रमिकको उत्पादकत्व अभिवृद्धि र पूर्णकालीन रोजगारी सुनिश्चित गर्न बहुसीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ। श्रम बजारको मागअनुसारको जनशक्ति उत्पादन गरिनेछ ।

६०. अनाथ बालबालिका लगायत असहाय र सहाराविहीन नागरिकलाई अभिभावकत्व प्रदान गरिनेछ। सबै नागरिकलाई मानवोचित जीवनयापन सुनिश्चित गरिनेछ। योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरा विस्तार गर्दै लगिनेछ। लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै लगिनेछ ।

६१. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव पुस्तान्तरण र हस्तान्तरण गर्न स्थानीय तहमा ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको हकहित र अधिकार संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, रोजगारलगायतका अन्य सेवा सुविधालाई अपाङ्गतामैत्री बनाइनेछ ।

६२. युवाशक्तिलाई सदैव उत्साही, परिवर्तनका संवाहक र भविष्यप्रति आशावादी शक्तिका रूपमा परिचालन गर्ने नीति लिइनेछ। युवाहरूमा स्वयंसेवी संस्कृतिको विकास गरी मानवीय सेवा, विपद् व्यवस्थापन र आपत्कालीन अवस्थामा परिचालन गरिनेछ। आम नागरिकलाई शारीरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि खेलकुद, शारीरिक व्यायाम, योग तथा ध्यानको अभ्यास गर्न उत्प्रेरित गरिनेछ ।

६३. पूर्ण सरकारको अवधारणा मा नीति तथा कार्यक्रम कार्यान्वयन र सेवा प्रवाह गर्न सक्षम राज्य संयन्त्रको निर्माण गरिनेछ। राजनीति र प्रशासनबीच समन्वय, निष्पक्षता, तटस्थता र अहस्तक्षेपको संस्कृति विकास गरिनेछ। भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको प्रतिबद्धतालाई निरन्तरता दिइनेछ। सेवाका क्षेत्रहरू सर्वसुलभ, छरितो र प्रभावकारी बनाउने नीति लिइनेछ। सरकारी सेवा प्रभावकारी बनाइनेछ ।

६४. सङ्क्रमणकालीन न्यायका बाँकी कार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट पीडित परिचयपत्र प्राप्त व्यक्तिहरूलाई सहुलियत तथा सुविधा उपलब्ध गराइनेछ। लोकतन्त्रका योद्धाहरूको अभिलेखीकरण र सम्मानको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. शान्ति सुरक्षालाई प्रभावकारी बनाई आम नागरिक र सम्पत्तिको सुरक्षा प्रत्याभूत गरिनेछ। रार्ष्ट्रिय सुरक्षा र प्रतिरक्षा प्रणालीलाई सबल बनाइनेछ। सीमा क्षेत्रका थप स्थानहरूमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोष्ट स्थापना गरिनेछ। हवाई तथा स्थलमार्गबाट आवत -जावत गर्ने विदेशी नागरिकको अभिलेख व्यवस्थित गरिनेछ। सुरक्षाकमी हरूका समस्या समाधानमा विशेष ध्यान दिइनेछ ।

६६. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित हुनेछ। नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखी सार्वभौम समानता, विश्वास, समझदारी र सहकार्यका आधारमा छिमेकी तथा मित्रराष्ट्रहरूसँगको सम्बन्ध सुदृढ बनाइनेछ ।

६७. ऐतिहासिक सन्धि, नक्सा, तथ्य तथा प्रमाणका आधारमा कूटनीतिक माध्यमबाट मित्रराष्ट्र भारतसँगको सीमा सम्बन्धमा बाँकी रहेका र समयसमयमा उठ्ने विषयहरूलाई समाधान गरिनेछ।

६८. नेपालको कनेक्टिभिटी र व्यापार विस्तारलाई सघाउ पुग्ने गरी सार्क, बिमस्टेक, बिबिआइएन जस्ता क्षेत्रीय मञ्चहरूमा सक्रिय भूमिका खेलिनेछ। विश्व शान्ति स्थापनामा योगदान पुऱ्याउन, समान चासो र हितका विषयमा सहकार्य गर्न, विश्वव्यापी महत्वका विषयहरूमा राष्ट्रिय हित अनुकूल हुने गरी भूमिका निर्वाह गर्न एवं आर्थिक-सामाजिक विकासमा सहयोग परिचालन गर्न संयुक्त राष्ट्र सङ्घलगायत अन्य बहुपक्षीय मञ्च र सङ्घसंस्थाहरूमा नेपालको उपस्थितिलाई अझ प्रभावकारी र सशक्त बनाइनेछ ।

६९. द्वन्द्व व्यवस्थापन र मौलिक शान्ति प्रक्रिया, महिला सशक्तीकरण, नागरिक हक प्रत्याभूतिको बृहत् खाका लगायत समानता र न्यायका क्षेत्रमा नेपालले हासिल गरेका विशिष्ट उपलब्धिहरू तथा विश्वशान्ति स्थापना र पर्यावरणीय सन्तुलन कायम राख्न पुऱ्याएको अतुलनीय योगदान विश्वसामु स्थापित गर्न एवं समसामयिक चासो र साझा हितका विषयमा विचार विमर्श र छलफल गर्न अन्तर्राष्ट्रियस्तरको सगरमाथा सम्वादलाई उपयोग गरिनेछ । सम्वादको पहिलो शृङ्खलाको रूपमा आगामी आर्थिक वर्ष जलवायु परिवर्तनसम्बन्धी विषयमा सम्वाद को आयोजना गरिनेछ ।

७०. आगामी आर्थिक वर्षमा गरिने कामहरू यिनै नीतिहरूका आधारमा अर्थमन्त्रीको बजेट वक्तव्य मार्फत सार्वजनिक गरिनेछ ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

७१. लोकतन्त्र एउटा मर्यादित, अनुशासित र विधिमा आधारित प्रणाली हो। लोकतन्त्रमा असहमति र मतभिन्नताहरू स्वाभाविक हुन्। तर असहमतिलाई अभिव्यक्त गर्ने र सञ्चालन गर्ने लोकतन्त्रका आफ्नै मर्यादा, सीमा र विधि हुन्छन्। ती विधिहरूको पालनाले मात्रै लोकतन्त्रलाई सफल र जनताको मनमा स्थापित गराउँछन्। लोकतन्त्र र अराजकतन्त्रका बीचमा सीमारेखा उल्लङ्घन हुन पुग्यो भने लोकतन्त्र स्वयं जोखिममा पर्छ। हाम्रा असहमतिको समाधान खोज्न हामी आफैले बनाएको संविधान विद्यमान छ, हामी आफैंले स्थापित गरेका संवैधानिक संस्थाहरू विद्यमान छन्। तिनीमाथि विश्वास गरियो भने र तिनलाई बलियो बनाइयो भने मात्रै लोकतन्त्र सुदृढ हुनेछ। सामान्य बेलामा पनि मुलुकका प्रमुख शक्तिहरू बीच न्यूनतम सम्वाद, समझदारी र सहकार्य अपेक्षित हुन्छ। झन् सिङ्गो विश्वसँगै हामी पनि महामारीका विरुद्ध कठिन लडाइँ लडिरहेको यो बेला त राजनीतिक दल र समाजका सबै पक्षबीच सम्वाद, समझदारी र सहकार्य झनै आवश्यक छ। तिक्तता, तनाव र विभाजनले क्षणिक तुष्टि देला, तर कालान्तरमा यसको मूल्य हामीले महङ्गो गरी चुकाउनुपर्ने हुन्छ। त्यसैले म पुन: एकपल्ट मुलुकका सबै राजनीतिक दल र पक्षहरूलाई आफ्ना असहमतिहरूलाई मर्यादित, व्यवस्थित र विधिसम्मत ढङ्गले अगाडि बढाउन र तिक्तता, तनाव र विभाजनका गतिविधिबाट मुक्त हुन आग्रह गर्दछु ।

७२. कोरोना महामारी लगायत आज हामीले झेलिरहेको कठिन समय अवश्य अन्त्य हुनेछ । धन्यवाद ।

## प्रधानमन्त्री...

संविधानको धारा ७६ (५) अनुसार शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठनगरी मुलुकको वर्तमान राजनीतिक संकटको निकास यथाशिघ्र निकाल्न माग गरिएको छ ।

## संक्रमण...

स्थानीयतहनखुलेका १/१, झापाको दमकमा ५८, विर्तामोडमा ३९, भद्रपुरमा २३, अर्जुनधारामा २१, शिवसताक्षीमा ११, कनकाईमा १५, मेचीनगरमा १२, बुद्धशान्तिमा ८, बार्हदशीमा७, गौरीगञ्ज र कमलगाउँपालिकामा३/३, कचनकवल र स्थानीयतहनखुलेका २/२, गौरादहमा १ , सुनसरीको धरानमा ५३, इटहरीमा ४३, दुहवीमा ६, बर्जुमा ५, इनरुवा र बराहक्षेत्रमा ४-४, रामधुनीमा ३, गढी र स्थानीयतह नखुलेका२/२ जनामा संक्रमण देखिएको सामाजिकविकास मन्त्रालयले जनाएको छ ।

त्यसैगरि धनकुटाको शहिदभूमीमा २०, धनकुटा नगरपालिकामा १९, महालक्ष्मीमा ८, पाखिवासमा ५, छथरमा २ र स्थानीयतहनखुलेका १, संखुवासभाको पाँचखपनमा २०, खाँदबारीमा १३, धर्मदेवीमा ४, सिलिचोङ, मकालु र सभापोखरीमा १-१, खोटाङको खोटेहाङमा १२ र स्थानीयतहनखुलेका १, इलामको इलामनगरपालिका र चुलाचुलीमा २-२, माई, सुर्योदय, माङ्सेवुङ र स्थानीयतहनखुलेका १/१, उदयपुरको त्रियुगामा ३, स्थानीयतहनखुलेका २, पाँचथरको फिदिममा २ र स्थानीयतहनखुलेका १, भोजपुरको भोजपुर नगर पालिकामा ३, तेर्हथुमको लाली गुराँसमा२, ताप्लेजुङको फुङलिङमा १ र प्रदेश १ बाहिरका ३९ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

प्रदेश १ माकोरोना संक्रमितको संख्या ५६हजार ३७७ पुगेको छ । सक्रिय संक्रमितको संख्या १९ हजार ९८७ पुगेको छ । प्रदेश १ मा शनिवार १ हजार ८७४ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएकामध्ये २९१ महिला र ४१० पुरुषको रिपोर्ट पोजेटिभ आएको छ ।

लैगिक हिंसा अन्त्यको प्रतिवद्धता :
व्यक्ति, समाज र सबैको ऐक्यवद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नेपाल खानेपानी संस्थान
## शाखा कार्यालय विराटनगरको
### ग्राहकबर्गमा जरूरी सुचना

हाल बिश्वब्यापीरुपमा फैलिएको कोरोना (कोबिड–१९) भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट मिति २०७८/०१/१९ गते देखी जारी भएको निषेधाज्ञाको अबधीभर यस नेपाल खानेपानी संस्थान बिराटनगर शाखाबाट पानी उत्पादन, बितरण, पाईप र मिटर मर्मत तथा जनगुनासो सुनुवाई जस्ता अत्यावश्यक कार्यहरु नियमित रुपमा सञ्चालन हुने ब्यहोरा अनुरोध गर्दै हालको जटिल परिस्थितिमा मिटर रिडिङ्ग कार्यमा खटिने मिटर रिडर कर्मचारीहरु ग्राहकको घरसम्म गई रिडिङ्ग कार्य गर्न सक्ने अवस्था नरहेको हुँदा ग्राहक महानुभावहरुले आफनो सम्बन्धीत एरियाका तपसिल बमोजिमका मिटर रिडरहरु सँग सम्पर्क गरी ग्राहकको आई.डी., नाम र मिटरमा उठेको अंक टिपाई अनलाईन सिष्टम (E –Sewa, Khalti App, Prabhu pay, Phone pay) आदिबाट समेत महशुल भुक्तानी गर्न सकिने ब्यहोरा अनुरोध गर्दै यसबाट सेवाग्राहीमा पर्नसक्ने असुबिधा प्रति संस्थान क्षमाप्रार्थि छ ।

**तपसील**

| सि.नं. | कर्मचारीहरुको नाम | मोबाईल नम्बर | एरिया नम्बर |
|---|---|---|---|
| १. | सन्दिप अर्याल | ९८४२१२८५७८ | १३ र १७ |
| २. | श्यामचन्द्रलाल कर्ण | ९८४२०६८२७८ | १२ , १५ र १६ |
| ३. | नारायण कुमार खड्का | ९८४२०५४४३८ | ९, १० र ११ |
| ४. | सन्जित राय | ९८४२०९६८६८ | १, २ र १८ (सरकारी ) |
| ५. | सत्यनारायण मण्डल | ९८४२३३२४६९ | ३, ४ र १४ |
| ६. | उत्तम पासवान | ९८१४३६३४८१ | ५, ६, ७ र ८ |
| ७. | होम प्रसाद चम्लागाईं (सुचना अधिकारी ) | ९८५२०८१०१३ | कार्यालय सम्बन्धी गुनासो एव थप जानकारीका लागि सम्पर्क गर्नुहुन । |

## सुनसरी मोरंग सिचाई योजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

# अत्यन्त जरुरी सूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ । यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ ।

सुनसरी मोरंग सिंचाई योजना विराटनगर

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### चोरी, तस्करी र प्रहरीको ज्यादती रोकौ.

कोरोना संक्रमणको कारण देशका केही ठाउँहरुमा सरकारले निषेधाज्ञा जारी गरेको छ । सोही अनुसार मोरंगमा पनि केही साता देखि निषेधाज्ञा जारी छ । निषेधाज्ञाको समयमा कसैलाई घरवाट वाहिर ननिस्कन आग्रह गरेको छ । निषेधाज्ञाका कारण समान्य ज्याला मज्दुरी गर्ने मानिसहरुको घरमा खर्च सिधिएको अवस्था छ जसका कारण बजार क्षेत्रमा चोरी, सिमानाकामा तस्करी र सडकमा प्रहरीको ज्यादती बढेको छ । निषेधाज्ञाको उलङ्घन रोक्नको लागि परिचालन गरीएको प्रहरीले विराटनगर महानगर पालिका वडा नं. १ पुष्पलाल चौक आफ्नो घर आगाडी खेली रहेको बालबालिकाहरुलाई निर्घात कुटपीट गरेको र बालबालिको परिवारले किन कुटेको सोधेपछि प्रहरीले घरभित्रै गएर ४० वर्षीया आशा साह, १८ वर्षीया मेनुका साह, २२ वर्षीया अञ्जना साह, १९ वर्षीया उषा साह र अजय साह छन आशा साह, १८ वर्षीया मेनुका साह, २२ वर्षीया अञ्जना साह, १९ वर्षीया उषा साह र अजय साहलाई कुटपीट गरी प्रहरी हिरासतमा लिएका थिए । हिरासत भित्रै पनि प्रहरीले बालवालिकाहरुलाई निर्मता पूर्वक कुटपीट यातना दिएको मावव अधिकार कर्मी समेतको भनाई सार्वजनिक भएको छ । तर त्यो घटनामा उल्टै प्रहरीलाई अक्रमण गरेको भन्दै मुद्दा चलाएको छ । के महिला केटा केटीहरुले प्रहरी माथि आक्रमण गर्न सक्छ ? त्यसैले निषेधाज्ञाको समयमा प्रहरी पनि संयमित हुन् आवश्यक छ ।

त्यसैगरी प्रहरी निषेधाज्ञाको उलङ्घन रोक्न खटिरहेको वेला सिमानाकामा तस्करी र बजार एरियामा चोरीका वीगवीग चलेको छ । कतिपैय व्यापारीहरु खुल्ला सिमा नाकाको फाईदा उठाउँदै प्रहरीको आँखा छलेर भारतवाट खाद्य्यान्न लगायतका सामग्री तस्करी नेपाल भित्रियाउने गरेको छ भने कतिपय व्यपारीहरु प्रहरीकै सेटिङ्गमा राती-राती खुलेआम तस्करी गरी रहेको छ । प्रहरीले दिनहुँ तस्करीहरुलाई समातेर सार्वजनिक समेत गरेको वितितै छ । त्यसैगरी विराटनर महानगर पालिकाभित्र आधा दर्जन जति पसल, घरहरुको ताल र ग्रिल तोडी लाखौको चोरी गरेको छ । सिसिकेमरा फुटाएर चोरी गरेको गिरोहलाई प्रहरीले समात्न सकेको छैन । महानगरपालिका वासीमा चोरी त्रास फैलिएको छ । सुरक्षाको अनुभुति गर्न सकेको छैन । श्रृखला वद्ध चोरी र तस्करीलाई रोक्नका लागि सुरक्षा निकाय सजग हुन आवश्यक छ ।

कोरोना संक्रमण अवधीभर चोरी, तस्करी रोक्न सिमानाकामा थप प्रहरी परिचालन गरी तस्करहरुलाई कारवाहीको दायरामा ल्याउनु पर्छ । सिमानाकामा खटिएका नेपाल प्रहरी, वीओपी चेक पोष्टका प्रहरीहरुले आफ्नो साख जोगाउन सिमानाकामा कडाई गर्ने पर्छ । त्यसैगरी बजारमा राती-राती भईरहेको चोरीलाई रोक्न राती प्रहरीको गस्ती हुन आवश्यक छ । प्रहरी प्रशासन कडा भएमा चोरी, तस्करी र केही प्रहरीवाट हुने ज्यादती समेत रोकिन्छ । त्यसैले महामारीको संकटमा सवैले संयमताका साथ एक अर्कालाई सहयोगी भावनाको विकास गर्नु पर्छ । असहज समयमा चारी, तस्करी र कसैमाथि ज्यादती कोई कसैले नगरौ । कोरोना जस्तो महामारीको असहजघडीमा एक अर्कोलाई सहयोग खास गरी कोरोना संक्रमितको जीवन रक्षाको लाग सवैजना आ-आफ्नो ठाउँवाट योगदान गरौ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को**, ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# कोरोना संक्रमण नियन्त्रणमा स्थानीय तहको भूमिका के हुनसक्छ ?

**छवि रिजाल**

सिंगो मानवजातिलाई नै चुनौती दिइरहेको कोभिड-१९ को दोस्रो लहर नेपालमा पनि तुफानी बेगमा फैलिइरहेको छ। नेपाल अहिले कोरानाभाइरसका कारण भयाक्रान्त छ र हामी महामारीविरूद्ध युद्धरत छौं ।

युद्धमा साहस र उच्च मनोबलको आवश्यकता पर्छ। युद्धको समयमा मनमा भय लिने हो भने पराजय अवश्यम्भावी छ। तसर्थ हामी कोरोनाविरूद्धको युद्धमा विजय प्राप्त गर्न चाहन्छौं भने सर्वप्रथम हाम्रो मनमा रहेको भयलाई जरैदेखि उखेल्नुपर्छ र सावधानीपूर्वक अगाडि बढ्नु पर्छ ।

कोरोनाको नियन्त्रण र रोकथाम का लागि सम्पूर्ण विश्वले शक्ति लगाइरहेको छ। कोरोनाको संक्रमणबाट कुनै पनि मुलुक अछुतो छैन। यसविरूद्ध लड्न संसार एकजुट भएको अवस्था छ भने नेपालले निषेधाज्ञा तथा अन्य विशेष सावधानीका उपाय अपनाउँदै आएको छ ।

संघ, प्रदेश र स्थानीय तह आ-आफ्नो स्थानबाट युद्धस्तरमा यस महामारीविरूद्ध लडिरहेको अवस्था छ ।

छिमेकी मुलुक भारतलगायत अन्य राष्ट्रबाट आएकालाई व्यवस्थापन गर्न क्वारेन्टिन र आइसोलेसनको व्यवस्था गर्न लागिपरिरहेको पृष्ठभूमिमा जनताको प्रत्यक्ष र नजिकको भनेर चिनिएको स्थानीय सरकार यस महामारीविरूद्ध लड्न अझ सशक्त र जुझारू रूपमा लाग्नुपर्ने चुनौती पनि थपिएको छ ।

नेपालको पूर्व, दक्षिण र पश्चिम तीन वटै दिशामा भारतसँग खुला सिमाना छ। खुला सिमानाका कारण आवागमनमा सहजता भएकाले छिमेकी मुलुक भारतको महाराष्ट्रबाट फैलिएको कोभिड-१९ को दोस्रो लहरले नेपाल पनि अछुतो रहन सकेन ।

गत साल पनि भारतबाट नेपाल फर्किनेका कारण भाइरस व्यापक मात्रामा फैलिएको थियो तर संक्रमण नियन्त्रणभन्दा बाहिर गएको थिएन। यस पटकको कोरानाभाइरस गत वर्षको भन्दा धेरै नै शक्तिशाली र खतरनाक पुष्टि भएको छ ।

हालैमात्र नेपालमा कोभिड-१९ को नयाँ भेरियन्ट (बि.वान.सिक्स वान सेभेन.टु) पुष्टि भएको कुरा विश्व स्वास्थ्य संगठनले जनाएको छ। हाल पत्ता लागेको नयाँ भाइरस सबै उमेर समूहमा धेरै संक्रामक र जोखिमपूर्ण रहेको पाइएको छ ।

महामारी नियन्त्रणमा स्थानीय तहको भूमिका

नेपाल सरकारले कोरोनाभाइरस रोकथाम तथा नियन्त्रण गर्न बनाइने क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६ तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराइने राहतसम्बन्धी न्यूनतम मापदण्ड, २०७६ र कोभिड-१९ को कारण प्रभावित क्षेत्रको लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६ तर्जुमा गरी स्थानीय तहलाई कार्यसम्पादन गर्न सहजीकरण गरिरहेको छ ।

नेपालको संविधानले आम नागरिकका लागि स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ ।

संविधानमा 'प्रत्येक नागरिक लाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने' भन्ने व्यवस्था मौलिक हकको रूपमा रहेको छ ।

संविधानमा स्वास्थ्यसम्बन्धी अधिकार तीन वटै तहको एकल तथा साझा अधिकारको सूचीमा पनि समावेश गरिएको पाइन्छ। अनुसूचीमा उल्लिखित स्वास्थ्य सम्बन्धी अधिकारको विश्लेषण गर्दा संघीय सरकारले स्वास्थ्य नीति तथा मापदण्ड, स्वास्थ्य सेवाको गुणस्तर नियमन, विशिष्ट सेवा प्रदायक अस्पतालको व्यवस्थापन र सरूवा रोग नियन्त्रण गर्नेजस्ता बृहत प्रकृतिका कार्य रहेका छन् ।

अनुसूची-६ को प्रकरण ९ मा 'स्वास्थ्य सेवा' भन्ने उल्लेख भएबाट स्वास्थ्यसम्बन्धी धेरै काम प्रदेशको जिम्मेवारीमा पर्ने देखिन्छ। त्यसैगरी अनुसूची-८ अर्थात् स्थानीय तहको एकल अधिकारको सूचीअन्तर्गत प्रकरण ९ मा 'आधारभूत स्वास्थ्य र सरसफाई' भन्ने उल्लेख भएको हुँदा स्वास्थ्यसम्बन्धी आधारभूत प्रकृतिका काम भने स्थानीय तहको जिम्मेवारीमा पर्ने देखिन्छ ।

अहिले स्थानीय तह धेरै बलिया भएका छन्। संविधान तथा कानुनले प्रर्याप्त अधिकार दिएको छ। आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाई त्यसको कार्यान्वयन गर्नेजस्ता अधिकार संविधानद्वारा नै प्रदान गरिएको छ ।

सम्पूर्ण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि छन्। योग्यता प्रणालीद्वारा छनौट भएका कर्मचारी छन्। स्थानीय तहका प्रायः सबै वडामा सरकारी स्वास्थ्य संस्था रहेको छ। त्यहाँ खटिने स्वास्थ्यकर्मी छन्। त्यसबाहेक महिला स्वास्थ्य स्वंयसेविकाजस्ता स्वंयसेवक प्रकृतिको काम गर्ने स्वास्थ्यकर्मी छन् ।

स्थानीय तहमा क्रियाशील विभिन्न प्रकारका गैरसरकारी संस्था, नागरिक समाजका संस्था, टोल विकास संस्था, आमा समूह, बालक्लब, किशोरी समूह, सहकारी संस्था, महिलाद्वारा प्रवर्द्धित सहकारी संस्था, गरिबी निवारणका लागि सामुदायिक संस्था, सामुदायिक वन उपभोक्ता समूह तथा विभिन्न प्रकारका सामूहिक रूपमा काम गर्ने संस्था छन् ।

यस्ता संस्था कुनै न कुनै रूपले जनस्वास्थ्यको क्षेत्रमा संलग्न संस्था हुन्। यी संस्थाबीचको अन्तरक्रिया, यिनीहरूको सञ्जाल, त्यहाँ आवद्ध जनशक्तिको ज्ञान, सीप तथा अनुभव हाम्रो देशको ठूलो सामाजिक पुँजीका रूपमा रहेको छ ।

यसका साथै, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार पनि स्थानीय तहलाई नै दिइएको छ। त्यहाँ कार्यरत ठूलो संख्याका शिक्षक छन्। हाल प्रायः सबै स्थानीय तहमा निषेधाज्ञा जारी गरिएको अवस्था रहेको हुँदा शिक्षकलाई पनि उचित जिम्मेवारी दिएर कोभिडविरूद्धको महामारीमा जनचेतना जगाउने सामाजिक जिम्मेवारीमा खटाउन सकिन्छ ।

केही वर्षअगाडि स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि बहाल नभएको र कर्मचारीको नेतृत्वमा स्थानीय निकाय सञ्चालन भएको अवस्थामा समेत यी नै संस्थालाई व्यापक मात्रामा परिचालन गरी सम्पूर्ण जिल्लालाई खुला दिसामुक्त गरिएको यथार्थ हामीले [illegible]

कोरोना संक्रमणका प्रारम्भिक दिनमा आफ्नो भूमिकाका सम्बन्धमा केही अस्पष्टता र द्धुविधा रहे पनि स्थानीय तह विस्तारै आफ्नो कार्यक्षेत्रको पहिचान गर्दै नागरिक सेवाको अग्रस्थानमा आउन थालेका छन्। यसक्रममा स्थानीय तहले कोरोना संक्रमणविरूद्ध जनचेतना अभियान सञ्चालन, विदेशबाट फर्केका व्यक्तिको पहिचान, लगत संकलन, क्वारेन्टिन निर्माण, आवश्यक उपकरण र औषधि तथा खाद्य सामग्रीको व्यवस्था गरेको छ ।

त्यस्तै लकडाउनका कारण रोजगारी गुमाएका विपन्न समुदायलाई राहत वितरण, हात धुने तथा सरसफाइसम्बन्धी सुविधा, एम्बुलेन्स सेवाको व्यवस्थापन, सम्भाव्य संक्रमितको जानकारी सम्बन्धित स्थानमा पुऱ्याई उपचार प्रक्रियामा सहजीकरण, स्थानीय प्रहरीसमेतको सहयोगमा कोरोना प्रभावितसँग सम्पर्कमा आएका व्यक्तिको पहिचान र विवरण संकलन स्थानीय तहले गर्दै आएका छन् ।

यस क्रममा वडा समितिलाई वडा तहमा समन्वयकर्ताका रूपमा परिचालन गर्ने असल अभ्याससमेत भएको छ ।

कोरोना नियन्त्रणका लागि स्थानीय तहका अध्यक्ष/प्रमुखको अध्यक्षतामा सबै वडाध्यक्ष, स्वास्थ्य संस्था इन्चार्ज र आवश्यकताअनुसार अन्य संघ संस्थाका प्रतिनिधिसमेत रहने स्थानीय कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति रहेको र वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति रहेको छ ।

सम्बन्धित पालिकाले यी दुबै संरचनालाई क्रियाशील तुल्याई काम गर्नुपर्ने देखिन्छ। यसका साथै, स्थानीय तहसँग सम्बद्ध सबै संघ संस्था, कर्मचारी, जनप्रतिनिधिको जिम्मेवारी बाँडफाँट गरी काममा खटाउनु पर्ने आवश्यकता देखिन्छ। अर्थात्, स्थानीय तहमा रहेको समग्र स्रोत साधन र सामाजिक पुँजीलाई यो महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि प्रभावकारी रूपमा परिचालन गर्नै पर्छ ।

महामारी फैलिँदै जाँदा संक्रमित, शंकाष्पद संक्रमित र तीनका परिवारका सदस्य नराम्रोसँग आहत

वांकी ४ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५२६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

## प्रतिनिधी सभा विघटनपछि

# प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार राष्ट्रका नाममा गरेको सम्बोधन पूर्णपाठ

प्रतिनिधिसभा विघटनपछि प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार राष्ट्रका नाममा गरेको सम्बोधन पूर्णपाठ

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

१. गएको बैशाख २० गते कोभिड महामारीको दोस्रो लहरका सम्बन्धमा यहाँहरूसँग सम्वाद गरेको थिएँ । कोभिडको यो लहर निकै सङ्क्रामक र बढी घातक रहेको एवं यसको रोकथाम तथा नियन्त्रणका लागि राज्यका सबै संयन्त्र परिचालित गरिएको बताएको थिएँ। सङ्क्रमणको साङ्लो चुँडाउन निषेध आदेशको पालना गर्न र महामारी नियन्त्रणका लागि सरकारले चालेका कदममा साथ दिन आग्रह गरेको थिएँ ।

२. त्यस यताका पच्चीस दिन हाम्रा लागि निकै कष्टकर रहे। यस अवधिमा थप दुई लाख व्यक्ति सङ्क्रमित हुनुभयो। तीन हजारभन्दा बढीले ज्यान गुमाउनु भयो । अक्सिजन र शय्या व्यवस्थापन का लागि यो समय निकै चुनौतीपूर्ण रह्यो। लिक्विड अक्सिजन आयातमा समस्या पैदा भयो। अक्सिजन सिलिण्डरको अभाव खट्कियो ।

३. समाधानका लागि हामीले सम्पूर्ण शक्ति केन्द्रित गर्‍यौं। त्यसले गर्दा अहिले स्थितिमा सुधार आएको छ। भारतबाट लिक्विड अक्सिजनको नियमित र थप मात्रा आपूर्ति हुन थालेको छ। अन्य उद्योगमा रहेका हजारौं अक्सिजन सिलिण्डर सङ्कलन गरी अस्पतालहरूमा पठाइएको छ। अक्सिजन प्लान्टहरूलाई पूर्ण क्षमतामा सञ्चालन गरिएको छ। अक्सिजन उद्योगलाई विद्युत् महसुलमा छुट दिने व्यवस्था गरिएको छ। नागरिकको जीवनरक्षाका लागि विदेशबाट एयरलिफ्ट गरेर समेत सिलिण्डर ल्याइएको छ। अस्पतालहरूमा अक्सिजन प्लान्ट जडान गर्न पर्याप्त रकम पठाइएको छ। मित्रराष्ट्रहरूको सहयोगमा उल्लेख्य सङ्ख्यामा भेण्टिलेटर र अक्सिजन कन्सन्ट्रेटर लगायत स्वास्थ्य सामग्री भित्रिएका छन् ।

४. कोभिडविरुद्धको हाम्रो लडाईंमा महत्वपूर्ण सहयोग गर्ने भारत, चीन र यसका सिचुवान तथा तिब्बत प्रान्तीय सरकारहरू, अमेरिका, स्पेन, बेलायत, जापान, अष्ट्रेलिया, स्वीट्जरल्याण्ड, जर्मनी, थाइल्याण्ड, सिङ्गापुर, न्यूजिल्याण्ड, फिनल्याण्ड लगायत मित्र राष्ट्रहरूप्रति हामी आभारी छौं। चिनियाँ रेडक्रस, तेमासेक फाउण्डेशन सिङ्गापुर, डाइरेक्ट रिलिफ अमेरिका, रोयल थाई मोनास्ट्री लगायत परोपकारी संस्थाबाट पनि सहयोग प्राप्त भएको छ। आफ्नो गाँस कटाएर अक्सिजन सिलिण्डर पठाउने खाडी क्षेत्रमा कार्यरत नेपाली श्रमिकप्रति सम्मान व्यक्त गर्न चाहन्छु । गैरआवासीय नेपाली सङ्घ र देशका उद्यमी, व्यवसायी र समाजसेवी लगायत सबै सहयोगीहरू धन्यवादका पात्र हुनुहुन्छ ।

५. कोभिड १९ जस्तो ठूलो महामारीको सामना गर्न एकीकृत, समन्वयात्मक र समग्र राष्ट्र रणनीति आवश्यक पर्दछ। यसै खाँचोलाई पूर्ति गर्न कोभिड सङ्कट व्यवस्थापन अध्यादेश २०७८ जारी गरिएको छ। यसबाट राज्यको सम्पूर्ण शक्ति कोभिड विरुद्ध परिचालित गर्ने बाटो सहज भएको छ। अध्यादेशको व्यवस्था बमोजिम प्रधानमन्त्रीको अध्यक्षतामा निर्देशक समिति र यस मातहत चौबिसै घण्टा खटिने गरी कोभिड सङ्कट व्यवस्थापन केन्द्र स्थापना भएको छ। वीर अस्पताललाई कोभिड युनिफाइड केन्द्रीय अस्पताल तोकिएको छ। यहाँबाट कोभिड बिरामीहरूले स्क्रिनिङ, डायग्नोस्टिक, उपचार र अन्य सेवा पाउनुहुनेछ। वीर अस्पतालले जुनसुकै अस्पताल, संस्थान र मेडिकल कलेजहरूलाई कोभिडको उपचारमा समन्वयात्मक ढङ्गले परिचालन गर्नेछ। आवश्यकता अनुसार स्वास्थ्य सङ्कटकाल लगाउन सकिने व्यवस्था गरिएको छ ।

६. कोभिड उपचारका लागि १५७ अस्पतालहरू सूचीकृत भएका छन्। कोभिडको निःशुल्क उपचारका लागि ४५ निजी अस्पतालसँग सम्झौता गरिएको छ। महामारी सुरु भएको एक वर्षको अवधिमा भेण्टिलेटरको सङ्ख्या ३२७ बाट ९०४, आइसियु बेड २६०० बाट ३००० पुऱ्याइएको छ। अस्पतालमा २८५३ हाइडिपेन्डेन्सी युनिट ( एचडियु) थप भएका छन्। ९०० अक्सिजन कन्सन्ट्रेटर थपिएका छन्। छिटै १८० भेन्टिलेटर, ६३० आइसियु, १४०० एचडियु र १९ अक्सिजन प्लान्ट थपिनेछन् ।

७. कोभिड महामारीमाथि निर्णायक विजयका लागि खोप अनिवार्य छ। हालसम्म हामीलाई अनुदानबाट प्राप्त ३२ लाख २८ हजार डोज र खरिदबाट उपलब्ध १० लाख डोजबाट खोप अभियान अगाडि बढाएका छौं। पहिलो मात्रा खोप लगाएका नागरिकहरूका लागि दोस्रो मात्राको व्यवस्था जसरी पनि गरिने कुरामा निश्चिन्त रहन आग्रह गर्दछु। थप खोपको व्यवस्था गरेर सबै वयस्क नागरिकलाई खोप लगाइने र महामारीलाई नियन्त्रण गरी छाडने विश्वास दिलाउन चाहन्छु ।

८. कोरोना महामारीको आक्रमणबाट विकसित र विकासशील, सम्पन्न र साधनस्रोत विहीन, ठूला र साना कुनै पनि देश बँच्न सकेका छैनन्। तर विकासशील देशहरूमाथि यसको मार बढी परेको छ। दिगो विकास लक्ष्य हासिल गर्ने उनीहरूको प्रयासलाई महामारीले झनै चुनौती खडा गरेको छ। खोपलगायत अत्यावश्यक जीवनरक्षक औषधी हरूको अभाव हुँदै जाँदा विकासशील देशहरू झनै पछाडि पर्नेछन्। आज खोपको असमान वितरण विश्वव्यापी बहसको विषय बनेको छ। खोप उत्पादक कम्पनीहरूले प्रतिबद्धता अनुसार को खोप उपलब्ध नगराउँदा विकासशील देशहरूका लागि खडा गरिएको कोभ्याक्स एलायन्सको समग्र योजना नै प्रभावित भएको छ। त्यसैले महामारीविरुद्धको विश्वव्यापी सहकार्यमा म पुनः जोड दिन चाहन्छु। जी-७ र जी-२० लगायत विकसित मुलुकहरूले अन्तर्राष्टि्रय उत्तरदायित्व वहन गर्न आवश्यक छ। सबै सुरक्षित नहुँदासम्म हामी कोही पनि सुरक्षित हुन सक्दैनौं भन्ने यथार्थलाई मनन गर्न सबैसँग आग्रह गर्न चाहन्छु ।

९. यस लडाइँको अग्रमोर्चामा चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी चालक तथा सफाइकर्मी र निजामति सेवाका राष्ट्रसेवकहरू हुनुहुन्छ। तीनै तहमा निर्वाचित जनप्रतिनिधिहरू र देशभरि नै स्वयंसेवीहरू परिचालित हुनुहुन्छ। आफ्नो निजी जीवन र पारिवारिक जिम्मेवारीलाई समेत पन्छाएर सङ्क्रमितहरूको उपचार र व्यवस्थापनमा अहोरात्र खट्ने उहाँहरू हामी सबैका आदर र सम्मानका हकदार हुनुहुन्छ। महामारीविरुद्ध लडिरहेका जनशक्ति को सुरक्षामा सरकारले कुनै कसर बाँकी राख्दैन। अग्रपंक्तिमा डटिरहेका चिकित्सक, स्वास्थ्यकर्मी र अन्य तहका कामदार तथा राष्ट्रसेवक कर्मचारीमाथि कुनै पनि बहानामा हुने भौतिक वा कुनै पनि प्रकारको आक्रमणलाई ड्युटीमा रहेका सुरक्षाकर्मीमाथि भएको आक्रमण सरह नै दण्डनीय मानिनेछ ।

१०. अस्पतालमा उपचार गराइरहनु भएका र घरमै आइसोलेसनमा बसी स्वास्थ्यलाभ गरिरहनुभएका १ लाख १६ हजार ४७६ दिदीबहिनी तथा दाजुभाइहरू को शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । ६ हजार ९५१ नागरिक हरूको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।

११. कोभिडसँग मुकाबिला गर्न जीवन पहिला हाम्रो नीति हो। जनताको जीवन रक्षा सरकारको प्रमुख दायित्व हो। हामीलाई थाहै छ, महामारी नियन्त्रणको पहिलो र प्रभावकारी उपाय भनेको यसको रोकथाम हो, महामारी फैलिन नदिनु हो। यसका लागि जनस्वास्थ्यका मापदण्डहरूको कडाइका साथ पालना गर्न पुनः सबै दिदीबहिनी तथा दाजुभाइहरूमा आग्रह गर्दछु। अहिले लागू गरिएका निषेध र अन्य उपायहरू जनताको जीवन रक्षाकै लागि हुन्। जीविका अर्थात् अर्थतन्त्रको रक्षाको दायित्वप्रति पनि सरकार उत्तिकै सचेत रहेको विश्वास दिलाउन चाहन्छु ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

१२. राजनीतिक स्थायित्व सुनिश्चित गर्ने, लोकतन्त्रलाई सुदृढ गर्ने र हाम्रो सम्पूर्ण ऊर्जा सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिका लागि एकाग्र रूपमा केन्द्रित गर्ने प्रयासमा पटकपटक अवरोध सिर्जना भएका छन् ।

१३. सीमित व्यक्तिहरूका महत्वाकाङ्क्षा, कुण्ठा र स्वार्थका लागि प्रतिनिधिसभालाई अकर्मण्य बनाउँदै लगिएपछि गत पुसमा प्रतिनिधिसभा विघटनको निर्णय गरिएको थियो। तर सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने निर्णय गऱ्यो। उक्त फैसलाको सम्मान गर्दै त्यसलाई कार्यान्वयन गरियो। यस अवधिमा हाम्रा प्रयास प्रतिनिधिसभालाई पूर्ण अवधि सञ्चालन गर्ने र यसैभित्रबाट राजनीतिक स्थायित्व खोज्ने कुरामा नै केन्द्रित रह्यो। तर तीन महिनाको अनुभवले पुनःस्थापित प्रतिनिधिसभाले राजनीतिक स्थायित्वमा अपेक्षित योगदान गर्न नसकेको यथार्थ स्पष्ट पार्छन् ।

१४. मैले गएको वैशाख २७ गते प्रतिनिधिसभा समक्ष विश्वासको मतका लागि प्रस्ताव पेश गरेँ । सदनमा मैले प्रतिनिधिसभालाई पूर्ण कार्यकाल सञ्चालन गर्न र यसलाई कामकाजी बनाउनका लागि कि त आफूलाई विश्वासको मत दिन कि स्वस्थ एवं संवैधानिक प्रक्रियाबमोजिम वैकल्पिक सरकार दिन आग्रह गरें। मेरो प्रस्ताव असफल भयो। संविधानको धारा ७६ (२) अनुसारको सरकार गठनका लागि सम्माननीय राष्ट्रपतिले दिनुभएको समय पनि त्यत्तिकै व्यतीत भयो। यसरी प्रतिनिधिसभा न सरकारलाई विश्वासको मत प्रदान गर्ने, न त वैकल्पिक सरकार नै दिन सक्ने गरी अकर्मण्यतामा फस्न पुग्यो ।

१५. त्यस यताका दश दिनसम्म पनि विश्वासको प्रस्तावमा मतदान हुँदाका बखतको परिस्थितिमा तात्विक परिवर्तन आएको मैले पाइनँ। मैले पुनः विश्वासको मत पाउन सक्ने भरपर्दो आधार पनि देखिएन। संसदमा सरकारको वार्षिक नीति र कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने समय नजिक आइसकेको परिस्थितिमा राजनीतिक अन्यौल कायम राख्नु उचित हुँदैनथ्यो। यसै पृष्ठभूमिमा मैले गएको जेठ ६ गते मार्गप्रशस्त गर्दै संविधानको धारा ७६ (५) को सरकार बनाउने प्रक्रिया सुरु गर्न सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गरें। यो कदम मुलुकलाई राजनीतिक अन्यौलबाट सकेसम्म छिटो मुक्त गर्ने उद्देश्यबाट प्रेरित थियो ।

१६. यसै बीच जनता समाजवादी पार्टीले मलाई प्रधानमन्त्रीमा समर्थन गर्ने संस्थागत निर्णयको पत्र हस्तान्तरण गऱ्यो। प्रतिनिधिसभाको रक्षा र राजनीतिक स्थायित्वका लागि अन्तिम प्रयास स्वरूप मैले जेठ ७ गते ७६ (५) को प्रधानमन्त्रीका लागि दाबी प्रस्तुत गरें। दाबी गर्दाको समयसम्म मेरो पक्षमा नेकपा (एमाले)का १२१ र जनता समाजवादी पार्टीका ३२ सांसदहरूको समर्थन स्पष्ट देखिन्थ्यो ।

१७. तर यसबीचमा जे जस्ता घटना र प्रवृत्ति देखा परे, तिनले नेपाली राजनीतिलाई पछिसम्म प्रदूषित गराइरहनेछन्। हामीले अवलम्बन गरेको बहुदलीय प्रणालीका सिद्धान्त, संसदीय मूल्य मान्यता एवं पार्टी र संसदीय दलका संस्थागत निर्णयलाई धज्जी उडाउँदै नेकपा (एमाले) र जनता समाजवादी पार्टीका केही सांसदहरूले नेपाली काङ्ग्रेसका नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्नुभयो। नेकपा (एमाले) र जनता समाजवादी पार्टीले त्यस्तो हस्ताक्षरलाई मान्यता नदिन र यस्ता गतिविधि कारबाहीको विषय बन्ने जानकारी पत्र मार्फत तत्काल राष्ट्रपतिको कार्यालयलाई गराए ।

१८. बहुदलीय प्रणाली विपरीतका त्यस्ता हस्ताक्षरलाई आधार बनाएर माननीय शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्ने सम्भावना त थिएन नै। तर ती हस्ताक्षरहरूका कारण प्रधानमन्त्रीमा मेरो दावी पनि निर्विवाद हुन सकेन। संविधानको धारा ७६ (५) ले प्रस्तुत दावीमा विश्वासको मत प्राप्त गर्ने भरपर्दो आधार छ कि छैन भन्ने निर्क्यौल गर्ने दायित्व राष्ट्रपति संस्थालाई प्रदान गरेको छ। सम्माननीय राष्ट्रपतिबाट दुवै दावीलाई खारेज गर्ने निर्णय भयो। त्यसपछि नै संविधानको धारा ७६ (७) बमोजिम प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनमा जाने संवैधानिक वाध्यताको स्थितिमा मुलुक पुगेको हो ।

१९. संविधानको स्पष्ट व्यवस्था र सर्वोच्च अदालतको फागुन ११ को फैसलामा भनिएका सरकार गठनका सबै विकल्पहरूको प्रक्रिया पूरा भइसकेपछि भएको प्रतिनिधिसभा विघटनपछि आज राजनीतिमा जे जस्ता अराजनी -तिक, असंसदीय र अलोकतान्त्रिक गतिविधिहरू देखा परेका छन्, ती विडम्बनापूर्ण छन्। २०४८ सालको निर्वाचनबाट गठित प्रतिनिधिसभा तत्कालीन सत्तारुढ पार्टीमा देखा परेका यस्तै विकृत अभ्यासका कारण विघटन भएको थियो। त्यहाँबाट सुरु भएको विकृतिको शृङ्खला दसौं वर्षसम्म जारी रह्यो। त्यस विकृतिले तत्कालीन सरकार हरूलाई मात्र अप्ठ्यारो पारेन, बहुदलीय शासन प्रणालीप्रति नै जनतामा नैराश्य र वितृष्णा पैदा गर्न भूमिका खेल्यो। दलहरूमा स्वार्थजन्य विभाजन, दलहरूबीच सिद्धान्तहीन गठबन्धन र दबाब-प्रभावका बलमा सांसद हरूको ओहोर-दोहोर मुख्य कारण थियो, जसले संसदीय व्यवस्थामाथि उग्रदक्षिणपन्थी र उग्रवामपन्थी दुबै कोणबाट हमलाका लागि आधार बनेको थियो। बीस वर्षपछि पनि नेपाली राजनीतिमा यिनै प्रवृत्ति दोहोरिनु दुःखद र दुर्भाग्यपूर्ण छ ।

२०. हामीले अवलम्बन गरेको शासन प्रणाली जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली हो। यस प्रणालीका आधारस्तम्भ राजनीतिक पार्टीहरू हुन्। लोकतान्त्रिक पार्टीहरू कमजोर हुँदा कसरी मुलुक हिंसाको दुष्चक्रमा फस्दो रहेछ र तानाशाही शासनका लागि बाटो खुल्दो रहेछ भन्ने निकट अतीतको अनुभवलाई हामीले यति चाँडै बिर्सिसकेको हो ? पार्टीहरू सत्तामा जानु या विपक्षमा बस्नु, विस्तारित हुनु या सङ्कुचनमा पर्नु लोकतन्त्रमा सामान्य विषय हुन्। तर सत्ताकै लागि अन्य पार्टीहरूमा विभाजन, विग्रह र विकृतिहरू पैदा गर्नु एवं त्यसकै बलमा आफू सफल भएको भ्रम पाल्नु आत्मरति मात्रै हो। बहुदलीय प्रणालीमा देखा पर्न लागेको निर्दलीय चरित्र ख्यालठट्टाको विषय होइन। अझै यस्तो विकृतिको औचित्य एवं वैधता कायम गर्न भइरहेका प्रयास त सामान्य विषय हुँदै होइनन् ।

२१. मैले आफ्नो लागि या आफ्नो दलका लागि यी सबै विषय भनिरहेको छैन। लोकतन्त्रका लागि आफ्नो जीवनको आधा शताब्दीभन्दा बढी खर्चेको र पञ्चायती जेलमा चौध वर्ष बिताएको मेरा लागि सत्तामा रहनु या नरहनु प्रमुख विषय हुँदै होइन। बहुदलीय व्यवस्था आइसकेपछि पनि प्रतिपक्षका रूपमा दशकौं व्यतीत गरेको, लोकतान्त्रिक शक्ति हरूकै दमन झेलेको हाम्रो पार्टीका लागि पनि यो विषय महत्वपूर्ण होइन। हाम्रा लागि सत्ता साधन मात्रै हो, साध्य होइन। साध्य त राष्टि्रयताको सम्वर्द्धन र सार्वभौमसत्ताको रक्षा हो। राष्टि्रय अस्मिता र स्वाभिमानको संरक्षण हो। लोकतन्त्रको सुदृढीकरण गर्दै जनताको जीवनमा अनुवाद गर्नु हो। यसलाई राजनीतिक अधिकारको दायराबाट माथि उठाएर मानवीय आकाङ्क्षाको समर्षटिका रूपमा विकसित गर्नु हो। अधिकारको प्रापति, अवसरमा पहुँच, सामाजिक न्याय र समानताको प्रत्याभूति एवं सम्मान र सुरक्षाको सुनिश्चितता भएको समाज निर्माण गर्नु हो। यसकै लागि हाम्रा प्रयास केन्द्रित छन् ।

२२. आजको मुख्य चिन्ता अलोकतान्त्रिक, नैतिकमूल्यहीन र विकृत अभ्यास झाँगिदै गएर लोकतान्त्रिक गणतन्त्रप्रतिको जनविश्वास नै गुम्ला कि भन्ने हो। जनविश्वास गुमेको प्रणाली फेरि जोखिममा पर्ला कि भन्ने हो ।

२३. ताजा जनादेशमा जानु प्रतिगमन होइन। जनतालाई दलहरूबारे मूल्याङ्कनको मौका दिनु र आवधिक निर्वाचन मार्फत् जनताले विश्वास गरेको दललाई सरकार चलाउन जनादेश प्राप्त हुनु लोकतन्त्रको विशेषता हो। निर्वाचनमा जानुलाई प्रतिगमन भन्नु सारमा जनताको सार्वभौमसत्तालाई अस्वीकार गर्नु हो। नीतिहीन गठबन्धनको भऱ्याङ चढेर सरकारमा जान खोज्नु भनेको अराजनीतिक झेली काम हो। जनताप्रति अविश्वास गर्नु हो। निर्वाचन निष्पक्ष र स्वच्छ हुने कुरामा मैले बारम्बार जोड दिएको छु। परिणामलाई ध्यानमा राखेर होइन, लोकतान्त्रिक प्रणाली र पद्धतिलाई ध्यानमा राखेर निर्वाचन सम्पन्न गरिनेछ। मनमा कुनै आशङ्का छन् भने फेरि भन्न चाहन्छु - आउनुहोस्, निर्वाचनका लागि सबै दलहरू सरकारमा सहभागी बन्नुहोस्।

२४. मैले यो प्रतिनिधिसभा पूरै अवधि चलोस् भन्नेमा कुनै कतै कसर नराखी प्रयास गरेको हुँ। तर मेरो प्रयासलाई सफल हुन दिइएन। हुनत प्रतिनिधिसभा पूरा अवधि चल्नु या सरकारले जेनतेन पाँच वर्षे कार्यकाल पूरा गर्नु मात्रै राजनीतिक स्थायित्वका लागि पर्याप्त हुँदैन। राजनीतिक स्थायित्वको मूल पक्ष नीतिगत सङ्गति, निर्णयको निरन्तरता र कार्यान्वयनको सुनिश्चितता हो। राजनीतिक स्थायित्वको केन्द्रबिन्दु राष्ट्र र जनताको हितको संरक्षण र सम्वर्द्धन हो। हामी जनताको हित हुने प्रत्याभूतिसहितको राजनीतिक स्थायित्वका पक्षमा छौं ।

२५. पार्टी एकताको रक्षाका लागि हाम्रो तर्फबाट गरिएका अथक प्रयास सार्वजनिक नै छन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता कायम गर्न अन्तिम समयसम्म पनि प्रयत्न गरिएकै हो। अस्थिरता सिर्जनाका लागि स्वार्थकेन्द्रित गठबन्धन नबनेको भए र महाधिवेशनबाट निर्वाचित अध्यक्षलाई घेराबन्दीबाट हटाउने दुराशय नभएको भए यतिञ्जेल एकता महाधिवेशन सम्पन्न भएर नेतृत्व हस्तान्तरण भइसकेको हुने थियो। फागुन २३ को फैसलापछि पनि एकता जोगाउन सकिन्छ कि

वांकी ५ पेजमा...

## कोरोना...

भएका छन्, बेसहाराजस्ता भएका छन् अर्थात् अभिभावक गुमाएका टुहुरा बालबालिकाजस्ता भएका छन् ।

यस्तो अवस्थामा स्थानीय तहले थप क्रियाशील भई अभिभाकत्व लिनु पर्छ। यसका लागि स्थानीय तहको स्वास्थ्य संयोजकको नेतृत्वमा एउटा टिम बनाई संक्रमित भई होम-आइसोलेसनमा बसेकालाई प्रत्येक दिन टेलिफोन सम्पर्क गर्ने, उनीहरूको स्वास्थ्यस्थिति बुझ्ने, स्वास्थ्यसम्बन्धी आवश्यक सूचनाहरू दिने, संक्रमित तथा उनीहरूको परिवारका सदस्यका दुःखसुखका कुरा धैर्यतापूर्वक सुनिदिने, सहानुभूति प्रकट गर्ने, ढाडस दिनेजस्ता विषयमा केन्द्रित भई मनोपरामर्श सेवा उपलब्ध गराउन अत्यन्त जरूरी देखिन्छ ।

द्रुत गतिमा समुदायस्तरसम्म फैलिएको कोरोना संक्रमणको जोखिम न्यूनिकरण, रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहले धेरै काम गर्न सक्छन्। यस सन्दर्भमा माथि उल्लेख भएबाहेक स्थानीय तहले तत्काल गर्नुपर्ने केही कार्यहरू निम्नानुसार हुन सक्छन ।

- प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा स्वास्थ्यकर्मीसमेत रहेको एक संयुक्त अनुगमन समिति गठन गरी स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्न लगाउने, होम आइसोलेसनमा गई संक्रमितको लागि न्यूनतम औषधि र सहायता सामग्री उपलब्ध गराउने ।

- भारतसँगको खुला सिमाना रहेका स्थानीय तहमा निःशुल्क मास्क वितरण, कोरोना विशेष सचेतना कार्यक्रम तथा साबुन पानीले हात धुने बुथको निर्माण कार्य गर्ने। साथै, समुदायस्तरमा एन्टिजिन विधिबाट कोभिड-१९ को मास स्क्रिनिङको व्यवस्था गर्ने ।

- प्रत्येक टोलमा कोरोना निगरानी समूह गठन गरी घरका कुनै पनि सदस्य अत्यावश्यक काम नपरी बाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा स्वास्थ्य मापदण्ड पालना गर्न लगाउने ।

- नयाँ भाइरस विशेष गरी बालबालिकाका लागि घातक रहेको हुँदा बालबालिका र अभिभावकलाई लक्षित गर्दै विशेष गरी ग्रामीण भेगमा कोरोना सचेतना स्वास्थ्य कार्यक्रम लागू गर्ने ।

- सबै स्वास्थ्य चौकीमा अनिवार्य मास्क, सेनिटाइजर, अक्सिमिटर र ज्वरो नाप्ने थर्मोगनका साथै अत्यावश्यक औषधिको व्यवस्था गर्ने ।

- लक्षण देखिएका सबै व्यक्तिको अनिवार्य पिसिआर परीक्षण गर्ने व्यवस्था गराउने तथा सबै स्थानीय तहमा कन्ट्र्याक्ट ट्रेसिङको टोली खडा गरी परिचालन गर्ने ।

- अक्सिजन सिलिन्डर अभावका कारण उपचारमा समस्या भइसकेकाको लागि तुरून्तै सिलिन्डरको व्यवस्था गर्ने।

- पालिकास्तरमा एन्टिजेन परीक्षण नियमित गर्ने तथा पिसिआर परीक्षणको लागि स्वाब संकलन गरी नजिकको ल्याबमा पठाउने ।

- प्रत्येक स्थानीय तहमा शंकास्पद संक्रमितको लागि होल्डिङ सेन्टर बनाउने। लक्षणयुक्त बिरामी आउनेबित्तिकै एन्टिजेन परीक्षण गर्ने। एन्टिजेन परीक्षण गर्दा पोजिटिभ देखिएकालाई आइसोलेसनमा राख्ने र नेगेटिभ देखिएकालाई घर पठाउने ।

-आइसोलेसनमा रहेकामध्ये श्वासप्रश्वासमा समस्या भएकालाई अक्सिजनको आवश्यकता पर्न सक्ने हुँदा त्यस्ता बिरामीका लागि अक्सिजनको व्यवस्था गर्ने र अक्सिजन उपलब्ध हुन नसकेमा वा गम्भीर प्रकृतिको संक्रमणको लक्षण भएमा तुरून्त नजिकको सुविधा-सम्पन्न अस्पतालमा रेफर गरी अक्सिजन सहितको एम्बुलेन्समार्फत पठाउने ।

- संक्रमितको लागि आइसोलेसन सेन्टर बनाउने। टेलिमेडिसिन सेवामार्फत् त्यहाँ रहेका संक्रमितलाई विज्ञ चिकित्सकसँग सम्पर्क गराई चिकित्सकीय परामर्श उपलब्ध गराउने। संक्रमितलाई आइसोलेसनमा राखी निगरानी तथा उपचार गर्दा समुदायमा थप संक्रमण फैलिने जोखिम कम हुन्छ ।

- स्थानीय प्रहरीसँग समन्वय गरी टोलटोलमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, कोरोनाबाट जोगिने उपायको प्रचार प्रसार गर्ने, नियम उल्लंघन गर्ने वा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना नगर्नेलाई संक्रामक रोग ऐन, २०२० मा भएको व्यवस्था अनुसार कानुनी कारबाही हुने कुराको जानकारी गराउनुका साथै कानुन उल्लंघन गर्नेलाई कानुनको दायरामा ल्याउन सहयोग गर्ने ।

- दुई वा दुईभन्दा बढी स्थानीय तह मिलेर एउटा अक्सिजन प्लान्ट र चिकित्सकसहितको कोरोना अस्पताल सञ्चालन गर्नु पनि उपयुक्त नै हुन्छ ।

- कोरोनाका कारण रोजीरोटी गुमाएर भोकमरीको चपेटामा छटपटाएका मजदुर तथा अति विपन्न वर्गलाई मापदण्ड बनाई राहत वितरण गर्ने र कोरोना पोजिटिभ भई काममा जान नसक्ने अवस्था भएमा आइसोलेसन अवधिभरको लागि निश्चित राहत उपलब्ध गराउने ।

- पिसिआर परीक्षणका लागि स्वाब दिइसकेपछि त्यस्तो व्यक्तिले परीक्षणको नतिजा नआएसम्म घरबाहिर कतैपनि जान नहुने कुरा सबैलाई जानकारी गराउने ।

- कोरोना परीक्षण र उपचारका लागि अत्यावश्यक पर्ने औषधि लगायत स्वास्थ्य उपकरणहरु वर्षात् अगावै खरिद गरी मौज्दात राख्ने ।

- हाल सबैतिर अक्सिजनको अभाव भएको हुँदा तत्कालको अप्ठेरो टारी जीवन रक्षा गर्नका लागि केही थान मात्र भए पनि अक्सिजन कन्सन्ट्रेटर मेसिनको व्यवस्था गर्नु उपयुक्त हन्छ। यस्ता मेसिनहरू बिजुलीबाट चल्ने भएकोले भरपर्दो ब्याकअपको पनि व्यवस्था गर्ने ।

- आफ्नो स्थानीय तहमा संक्रमित भएका सबै व्यक्तिको अभिलेख व्यवस्थित रूपमा राख्ने ।

- आफ्नो स्थानीय तहमा बसोबास गर्ने सम्पूर्ण नागरिकलाई कोरोनाविरूद्धको खोप उपलब्ध गराउने कार्यमा समन्वय र सहजीकरण गर्ने ।

- कोरोनाको प्रकोप आगामी केही वर्षसम्म निरन्तर रूपमा जारी नै रहने सम्भावना भएकोले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा यसतर्फ ध्यान पुऱ्याउने ।

- स्थानीय तहमा रहेका सबै प्रकारका गैर-सरकारी संस्था तथा नागरिक समाजसँग समन्वय र सहकार्य गरी परिचालन गर्ने ।

- महामारीको मौका छोपी बजारमा वस्तुको अभाव हुनसक्ने, मूल्य वृद्धि हुनसक्ने र कृतिम अभाव समेत हुनसक्ने भएकोले नियमित रूपमा बजार अनुगमनको व्यवस्था मिलाउने ।

- भेला तथा बैठक आयोजना नगर्ने, हुन पनि नदिने। सम्भव भएसम्म बैठक भर्चुअल विधिमार्फत् गर्ने ।

- न्वारान, पास्नी विवाह, व्रतबन्ध, मृत्यु संस्कारजस्ता सामाजिक कार्यमा न्यूनतम व्यक्तिमात्र उपस्थित भई सम्पन्न गर्ने व्यवस्था गर्ने ।

- उपभोक्ता समितिमार्फत सञ्चालन हुने स-साना निर्माण सम्बन्धी कार्यहरु कोरोनाको प्रकोप नघटेसम्म स्थगित गर्ने ।

- क्षितिजीय सिकाइ (होरिजेन्टल लर्निङ) प्रकृयामा जोड दिई स्थानीय तहहरूबीचका असल अभ्यासको आदान प्रदान गर्ने ।

- प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग निरन्तर सम्पर्कमा रही स्थानीय वस्तुस्थितिको अद्यावधिक गराई आवश्यक सहयोग लिने ।

- अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको मनोबल उकास्नका लागि बीमा तथा जोखिम भत्ताको व्यवस्था गर्ने। कोरोना संक्रमणको जोखिम न्युनीकरण, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा भए गरेका क्रियाकलाप समेटेर प्रतिवेदन तयार गर्ने ।

- संक्रमणबाट जोगिने उपाय, संक्रमण भइसकेपछि गर्न हुने र नहुने कुरा, तथा परिवारका सदस्यले निर्वाह गर्नुपर्ने दायित्वजस्ता विषयवस्तु समेटेर एक निर्देशिका तयार गरी वितरण गर्ने ।

निषेधाज्ञा जारी भएको अहिलेको अवस्थालाई धरैजसोले कोभिड होलीडेको रूपमा बुझेका छन्। यो बुझाइ सर्वथा गलत छ। वर्तमान संकटबाट मुक्ति पाउनका लागि सबैले आ-आफ्नो ठाउँबाट सक्नेसम्मको योगदान दिनु आवश्यक छ ।

अरूबेला हामी आठ घन्टामात्र काम गर्थ्यौं भने अहिले कम्तीमा सोह्र घन्टा खट्नु पर्ने अवस्था रहेको छ। यस्तो बेला सर्वसाधारण जनताले घर बाहिर ननिस्केर संक्रमण रोक्न योगदान गर्न सक्छन् भने जनप्रतिनिधि जनताको अभिभावक भएको हुँदा हर तरहले यो महाविपत्तिका विरूद्ध जुट्नु आवश्यक पर्छ ।

त्यसैगरी कर्मचारीतन्त्रले समग्र व्यवस्थापकीय कार्यमा खट्ने र प्रहरी प्रशासनले अनुगमन तथा नियमनमा थप सशक्त भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

संक्रमणको जोखिम न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा उपचारमा सबैभन्दा ठूलो भूमिका भनेको अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको हुन्छ। यस्ता स्वास्थ्यकर्मीले पलपलमा आफ्नै स्वास्थ्यमाथि जोखिम मोलेर बिरामीको उपचारमा तल्लीन हुनुपर्ने अवस्था छ ।

यदि कोरोनाको व्यवस्थापनमा खटिने कसैलाई प्रोत्साहन दिन सकिन्छ भने पहिलो प्राथमिकता यिनै अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीलाई दिनुपर्छ ।

स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई आफ्नो कार्य क्षेत्रभित्र पर्ने बस्तीको कुन घरमा मधुमेहको बिरामी छ, कुन घरमा उच्च रक्तचापको बिरामी छ, कुन घरमा दमको बिरामी छ, कुन घरमा गर्भवती महिला छ, कुन घरमा बुढाबुढी छन् भन्ने जस्ता यावत् सूचना हुने भएकाले महामारी नियन्त्रणमा पनि यी नै स्वास्थ्यकर्मीले ठूलो योगदान पुऱ्याउन सक्छन् ।

स्थानीय तहले उनीहरूलाई उच्च मनोबलका साथ कार्य क्षेत्रमा खट्ने वातावरण भने निर्माण गर्नुपर्ने हुन्छ ।

अहिले मानव जीवनमाथि नै संकट छाएको अत्यन्त कठिन र असाधारण परिस्थिति छ। तसर्थ 'पहिला नागरिकको जीवन रक्षा गरौं' भन्ने मूल मन्त्रकासाथ काम गर्नु अपरिहार्य छ। यो संकटपूर्ण घडीको सामना पनि असाधारण तरिकाले खटेर नै गर्न सकिन्छ ।

विपत्ति सधैंभर आउँदैन तर आइपरेको बेला सामान्य अवस्थाको भन्दा दोब्बर खट्नु आवश्यक हुन्छ भन्ने तथ्यलाई जिम्मेवार सबैले मनन गर्न जरूरी छ ।

महामारीको उपचार अत्यन्त दुरूह हुने भएकोले उपचार गर्नुभन्दा रोकथाम र नियन्त्रणमा जोड दिनु नै बुद्धिमत्तापूर्ण हुन्छ। कोरोना रोकथाम र नियन्त्रणमा स्थानीय सरकारको भूमिका अत्यन्त प्रभावकारी हुने हुँदा स्थानीय तहबाट तदनुरूपको अपेक्षा सबैतिरबाट गरिएको छ ।

अन्तमा, भगवान श्रीकृष्णले महाभारतको युद्धका प्रमुख पात्र अर्जुनको भय निवारणका लागि कर्मयोग (निष्काम कर्म) मा जोड दिनुभयो र कर्मकै माध्यमबाट अर्जुनले विजय पनि हासिल गरेको तथ्यलाई आत्मसात गरी हामी सबै आ-आफ्नो ठाउँबाट कर्ममा जुटौं। यसैबाट सबैको कल्याण हुन्छ ।

(लेखक सुर्खेतका प्रमुख जिल्ला अधिकारी हुन् ।) सेतोपाटीबाट

## माछा मार्ने क्रममा करेन्ट लागेर एकको मृत्यु

झापा । झापा अर्जुनधारा नगरपालिका वडा नं. ११ रेखा खोलामा करेन्ट लगाई माछा मार्ने क्रमम करेन्ट लागेर १ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानका ३८ बर्षीय धनेन्द्र तामाङ रहेका छन् ।

आईतबार साथीहरुसंग माछा मार्ने क्रममा करेन्ट लागी घाईते भएका तामाङको उपचारको लागी वी एण्ड सी अस्पताल बिर्तामोड पुर्याउन साथ मृत्यु भएको थियो ।

घटनाको सुचना पाए लगतै ईलाका प्रहरी कार्यालय अनारमणीबाट प्रहरी टोली खटि गई तामाङसंग गएका साथीहरु सोही स्थानका ३८ बर्षीय दिलबहादुर खजुम लिम्बु र ईलाम घर भई सोही स्थान बस्ने ३२ बर्षीय रमेश एक्तेन लिम्बुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ ।

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन कार्यालय, विराटनगर प्रदेश नं. १**



क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## प्रतिनिधी...

भनेर मैले आफैंले पहल गरेको हुँ । तर मेरो प्रयासलाई कतिपयले मजाकको विषय बनाउनु भयो। इतिहासले यसको उचित हिसाब किताब गर्ला नै ।

२६. नेकपालाई एकीकृत गर्ने प्रयास असम्भव भएपछि हामीले नेकपा (एमाले) लाई नै एकीकरणको बिरासत पार्टीका रूपमा एकतावद्ध र गतिशील बनाउने काम गऱ्यौं। तर कतिपय नेताहरूमा आफ्ना विभाजनकारी गतिविधिप्रति रत्तिभर गल्तीबोध देखिएन। उल्टै, एकीकरणको रक्षा र नेतृत्वको पक्षमा उभिनुभएका साथीहरूलाई पञ्छाउने कुरामा मात्र उहाँको प्रयास केन्द्रित रह्यो। फेरि पनि पार्टीलाई गुटहरूको संयुक्त मोर्चा र अन्त्यहीन विवादको थलो बनाउने केही नेताहरूका नियतका कारण हाम्रा प्रयास सार्थक हुन सकिरहेका छैनन् । यसबीचमा फ्लोर क्रस गर्ने/गराउने काम भएका छन्। पार्टीका आधिकारिक उम्मेदवारलाई हराउन विपक्षीसँग साँठगाँठ गरिएका छन्। अनि, आफ्नो पार्टी अध्यक्ष, संसदीय दलको नेता र प्रधानमन्त्रीलाई हटाउन कहिले संसदमा अनुपस्थित हुने त कहिले विपक्षी नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्ने जस्ता चरम विकृति प्रकट भएका छन् ।

२७. पार्टीको एकताको रक्षाका लागि सबै खाले आक्षेप, अपमान र पीडा बेहोरेर पनि निरन्तर प्रयत्नशील छु, भोलिका दिनमा पनि रहिरहनेछु। प्रतिकूल परिस्थितिमा आन्दोलनको रक्षाका लागि दृढतापूर्वक उभिने सबै नेता कार्यकर्ताहरू, समर्थक शुभचिन्तक एवं आम जनतामा धन्यवाद ज्ञापन गर्दछु ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

२८. अनेकौं प्रतिकूलताका बीचमा पनि विगत तीन वर्षमा नेपालले उल्लेख्य प्रगति हासिल गरेको छ। संविधान कार्यान्वयन र सङ्घीयताको सुदृढीकरण, आर्थिक वृद्धि, रणनीतिक महत्वका पूर्वाधारको विकास, सामाजिक न्याय र सुरक्षा, रार्षट्रियताको सम्वर्द्धन एवं सुशासनका क्षेत्रमा हाम्रा योजनाबद्ध प्रयासहरूको प्रतिफल देखिन थालेको छ ।

२९. संविधान पूर्ण कार्यान्वयनमा आएको छ। सङ्घीय प्रणाली संस्थागत र क्रियाशील भएको छ। लामो समयदेखि रिक्त रहेका संवैधानिक निकायहरूले पूर्णता पाएका छन्। ५० भन्दा बढी कानुनहरू बनेका छन्। पृथकतावादको अभियान चलाइरहेको समूह विखण्डनको बाटो छाडेर रार्षट्रिय अखण्डताको पक्षमा उभिन सहमत भएको छ। हिंसाको बाटो हिडिरहेको समूह हिंसा परित्याग गर्दै आफ्ना सबै राजनीतिक गतिविधिहरू शान्तिपूर्ण ढङ्गले सञ्चालन गर्न सहमत भएको छ। संविधानको सर्वस्वीकार्यता स्थापित भएको छ। मुलुक हिंसात्मक द्वन्द्वबाट मुक्त हुनु र पृथकतावादी गतिविधि अन्त्य हुनु यस कालखण्डको महत्वपूर्ण उपलब्धिका रूपमा पछिसम्म पनि अङ्कित रहनेछन् ।

३०. नेपाल अल्पविकसितबाट विकासशील देशमा स्तरोन्नतिका लागि सिफारिस भएको छ। कोभिड महामारी सुरु हुनु अगाडि हाम्रो आर्थिक वृद्धि आशालाग्दो थियो। महामारीले गम्भीर धक्का पुऱ्याए पनि हामीले यसलाई सम्हालेका छौं र समग्रमा सकारात्मक आर्थिक विकासको बाटोमा अग्रसर छौं। पहिलो पल्ट निर्यात व्यापारले एक खर्बको लक्ष्य नाघेको छ, व्यापार घाटा घट्दो छ। देशभित्र रोजगारीका अवसर बढ्दै र श्रमशक्ति बाहिरिने क्रम घट्दै छ ।

३१. यस अवधिमा ३३३ मेगावाट विद्युत् उत्पादन थप भएको छ भने यसै आर्थिक वर्षभित्र थप ५०० मेगावाट विद्युत् थप हुँदैछ। लोडसेडिङको अन्त्य, पर्याप्त विद्युत् आपूर्ति र अतिरिक्त विद्युत्को बाह्य व्यापार सुरु भएको छ । बाह्य लगानी बढिरहेको छ ।

३२. तीन वर्षको अवधिमा नेपालीको औसत प्रतिव्यक्ति आय २५ प्रतिशतले वृद्धि भएको छ। मानव विकास विकास सूचकाङ्क मा ५ प्रतिशत बिन्दुको सुधार भएको छ। कोभिड-१९ को महामारीका बीच पनि निरपेक्ष गरिबी उल्लेख्य वृद्धि हुन पाएको छैन ।

३३. रणनीतिक पूर्वाधारहरूको क्षेत्रमा इतिहासमै धेरै उपलब्धि हासिल भएका छन्। सडक, मोटर र झोलुङ्गे पुल, .तुइन विस्थापन लगायत क्षेत्रमा भइरहेका प्रगतिबारे यस अघि नै प्रस्तुत तथ्याङ्क म दोहोऱ्याउन चाहन्नँ। कुल रणनीतिक सडकमध्ये १७.१ प्रतिशत सडक विगत तीन वर्षमा मात्र निर्माण भएका छन्। तीन वर्षमा सम्पन्न गर्ने गरी १ सय ६५ वटै निर्वाचन क्षेत्रमा एक/एक रणनीतिक सडक र स्थानीय तहहरूलाई एक आपसमा जोड्ने र सबै स्थानीय तहका केन्द्रदेखि प्रदेश राजधानी जोड्ने सडकको निर्माण सुरु भएको छ। सबै पालिका र क्षेत्रहरूमा यिनको दूरगामी सकारात्मक प्रभाव पर्नेछ।

३४. तीव्र रूपमा निर्माण भइरहेको काठमाडौं-तराई द्रुत मार्गले केही वर्षभित्रै परिणाम दिनेछ। विस्तार भइरहेको पूर्व-पश्चिम राजमार्ग, निर्माण सम्पन्न हुन थालेको पुष्पलाल लोकमार्ग र निर्माणाधीन मदन-भण्डारी रार्षट्रिय राजमार्गले अर्थतन्त्र र सामाजिक जीवनलाई थप गतिशील बनाउनेछन्। बहुप्रतिक्षित हुलाकी राजमार्गका महत्वपूर्ण खण्ड सम्पन्न भएसँगै तराईमा विकासका सम्भावना थपिएका छन् ।

३५. भैरहवा र पोखरामा निर्माण सम्पन्न हुने चरणमा पुगेका अन्तर्रार्षट्रिय विमानस्थलहरूले पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान गर्नेछन्। गोदावरीमा ३ हजार र लुम्बिनीमा ५ हजार क्षमताका सभाहल निर्माण भएका छन्। जयनगर-जनकपुर-कुर्था रेल छिटै सञ्चालनमा आउनेछ। नागढुङ्गा सुरुङ मार्ग निर्माण तीव्र रफ्तारमा अगाडि बढेको छ भने सिद्धबाबामा सुरुङ निर्माणका लागि बोलपत्र आह्वान भएको छ ।

३६. चिरप्रतिक्षित मेलम्चीको पानी काठमाडौंमा अवतरणसँगै काठमाडौंबासीका पानीको तिर्खा मेटिएको छ। छिट्टै याङ्री र लार्केको पानी मेलम्चीमा सामेल गरेर खानेपानीको समस्याको दिगो समाधान गर्ने प्रयास अगाडि बढेको छ। सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयबाट कुल जनसङ्ख्याको ९२ प्रतिशतलाई आधारभूत खानेपानी सुविधा उपलब्ध गराउन सफल भएका छौं।

३७. भेरी-बबई डाइभर्सनको सुरुङको काम सम्पन्न भएर सिँचाइ पूर्वाधारका काम सुरु भएका छन् भने सुनकोशी-मरिन डाइभर्सनको काम सुरु भएको छ । यी दुई गेमचेञ्जर परियोजनाले तराई बासीहरूका वर्षौं पुराना सपनालाई पूरा गर्दै हामीलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन योगदान गर्नेछन् ।

३८.भूकम्पपछिको पुनर्निर्माण लाई हामीले उदाहरणीय रूपमा सम्पन्न गरेका छौं। भूकम्पका कारण बेघरबार बनेका ८ लाखभन्दा बढी परिवार सुरक्षित घरमा फर्किन थाल्नुभएको छ । विद्यालय भवन, स्वास्थ्य संस्थाहरू र सरकारी कार्यालयहरूको पुनर्निर्माण तीव्र रफ्तारमा अगाडि बढेको छ। हाम्रो पुनर्निर्माण सामर्थ्यको प्रतीक बनेर धरहरा, रानीपोखरी र दरबार हाइस्कूल राजधानीको मुटुमा स्थापित भएका छन्। भव्य रूपमा सम्पन्न भएको दक्षिण एसियाली खेलकुदमा नेपालले उत्कृष्ट प्रदर्शन गरेको छ। त्रिदेशीय फुटबल, क्रिकेटहरूमा पनि नेपालको प्रदर्शन उदाहरणीय रहेको छ ।

३९. हरेक नेपाली व्यवस्थित ओत भएको सुरक्षित घरमा बस्न पाउनुपर्छ भन्ने सरकारको प्रतिबद्धता अनुरूप तीन वर्षको अवधिमा १३ हजारभन्दा बढी जनता आवास निर्माण भएका छन्। ७ हजार फुस तथा खरका छाना जस्तापाताले प्रतिस्थापन गरिएका छन्। कसैले पनि सडकमा जीवन गुजारा गर्न नपरोस् भन्ने उद्देश्यले सडक मानवरहित सहर र वस्तीको अवधारणा कार्यान्वयनमा ल्याइएको छ। टोर्नाडोबाट घरबारविहीन बन्न पुगेका नागरिकहरूका लागि छोटो समयमै ८६९ सुरक्षित घर निर्माण गरेर हस्तान्तरण गरिएको छ। बाढी, पहिरो, डुबान, आगलागी, चट्याङ आदिबाट घरबारविहीन हुन पुगेका नागरिकलाई सुरक्षित आवास उपलब्ध गराउने प्रक्रिया सुरु गरिएको छ ।

४०. सुकुम्बासी समस्या र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न उच्चस्तरीय आयोग गठन गरी कार्य प्रारम्भ गरिएको छ। सरकारी, सार्वजनिक र गुठी जग्गाको यथार्थ अवस्था पहिचान गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलको प्रतिवेदन प्राप्त भएको छ। २ सय हेक्टर अतिक्रमित सरकारी जग्गा फिर्ता ल्याइएको छ। मुलुक प्रमुख पशुपन्छीजन्य पदार्थमा आत्मनिर्भर भएको छ। प्रमुख खाद्यान्न बालीको उत्पादनमा ११ प्रतिशतले वृद्धि भएको छ। कृषक सूचीकरण अभियान सुरु गरिएको छ। तीन वर्षको अवधिमा थप ३० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको छ। देशभित्रै रासायनिक मल कारखाना स्थापना गर्ने प्रक्रिया अगाडि बढेको छ। माटोको गुणस्तरको डिजिटल परीक्षण सुरु गरिएको छ । मेरो कित्ता नामक एप्स कार्यान्वयनमा आएसँगै नागरिकहरूले आफ्नो जग्गाको कित्ता नम्बरसहितको नक्सा आफैंले हेर्न र छाप्न सक्ने व्यवस्था भएको छ ।

४१. यसै आर्थिक वर्षमा ६ वटा नयाँ औद्योगिक क्षेत्रको निर्माण सुरु भएको छ। स्थानीय तहमा ७४ औद्योगिक ग्राम घोषणा भई काम थालिएको छ। अन्तर्राषट्रिय व्यापार वृद्धिका लागि भारत, बङ्गलादेश, अमेरिका र भूटानसँग वाणिज्य वार्ता सम्पन्न भएका छन् ।

४२. तीन वर्षको अवधिमा ६ वर्षभन्दा माथि उमेर समूहको साक्षरता दर ७ प्रतिशत बिन्दुले बढेको छ। सरदर भर्नादर ८६ प्रतिशत पुगेको छ। कुल ४ सय ८४ प्राविधिक धारका विद्यालय स्थापना भएका छन् भने ५ सय ७२ सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा उपलब्ध भएको छ। देशभरका ३ सय ८३ स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रको पहुँच पुगेको छ ।

४३. एक वर्षको अवधिमा विभिन्न अस्पतालहरूमा ७ हजार ६ सय ४५ शैया थप भएका छन्। सबै स्थानीय तहमा आधारभूत अस्पताल स्थापना गर्ने लक्ष्यअनुरूप ३ सय ९६ स्थानीय तहमा निर्माण कार्य सुरु गरिएको छ। एक वर्ष अगाडि कोभिडलगायत केही जटिल परीक्षण स्वदेशमा हुन नसक्ने अवस्था रहेकोमा हाल स्वदेशमै ८७ प्रयोगशालामा कोभिड-१९ को परीक्षण हुने गरेको छ। कडा रोग लागेका कुल ३८ हजार ९ सय ९ जनालाई नि:शुल्क स्वास्थ्य उपचार गरिएको छ।

४४. ७५ जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम विस्तार गरिएको छ। सामाजिक सुरक्षा कार्यक्रममा ३२ लाख ५९ हजार नागरिक आबद्ध भएका छन। सामाजिक सुरक्षा कोषमा १३ हजार ७ सय प्रतिष्ठान र २ लाख श्रमिक आबद्ध भएका छन । प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् २ लाख प्रत्यक्ष रोजगारी उपलब्ध भएको छ। १ सय ३८ स्थानीय तहमा राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट महिलाहरूको जीविकोपार्जन सुधार कार्य सुरु भएको छ। जोखिममा परेका १५० भन्दा बढी सुत्केरीको हवाई उद्धार गरिएको छ। महिलाविरुद्ध हुने हिंसालाई दण्डित गर्न एसिड अपराध र बलात्कार नियन्त्रणसम्बन्धी कडा कानुनी व्यवस्था गरिएको छ।

४५. सार्वजनिक तथा निजी क्षेत्रबाट प्रवाह गरिने सेवालाई छिटोछरितो, सर्वसुलभ, पहुँचयोग्य र प्रविधिमैत्री बनाउने गरी नागरिक एप्स सञ्चालनमा ल्याइएको छ। सरकारी राजस्व विद्युतीय माध्यमबाट सङ्कलन हुने व्यवस्था मिलाइएको छ। हालसम्म १४ जिल्लामा २८ लाख रार्षट्रिय परिचयपत्र वितरण गरिएको छ। सबै जिल्लामा फोरजीसहितको इन्टरनेट सेवा विस्तार भएको छ।

४६. नेपालको अन्तर्रार्षट्रिय सम्बन्धमा उल्लेख्य विस्तार भएको छ। अभूतपूर्व रार्षट्रिय सहमतिका साथ लिम्पियाधुरा, कालापानी र लिपुलेक समावेश गरी नेपालको नयाँ राजनीतिक नक्सा जारी गरिएको छ। हालसम्म १ सय ७० मुलुकसँग कुटनीतिक सम्बन्ध विस्तार भएको छ। भर्चुअल माध्यमबाट उच्चस्तरीय वार्ता तथा सम्वाद भएका छन्। प्रतिभा प्रार्पति केन्द्र (ब्रेन गेन सेन्टर) सञ्चालनमा आएको छ ।

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

४७. हाम्रा सबै काम र योजनाहरू समृद्ध नेपाल, सुखी नेपालीको रार्षट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित हुनेछन् । परिपूर्ण लोकतन्त्र हाम्रो मान्यता हुनेछ। समृद्धिसहितको सामाजिक न्याय र सामाजिक न्यायसहितको समृद्धि - हामी यसै दिशामा अगाडि बढ्नेछौं। यसको लागि पहिलो शर्त राजनीतिक स्थायित्व हो। राजनीतिक स्थायित्वको निम्ति आम निर्वाचन र यसै वर्ष हुने स्थानीय तहको निर्वाचन महत्वपूर्ण हुनेछन्। यी निर्वाचनमार्फत् हामी हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनेछौं। जनतामा अहिले देखापरेको क्षणिक निराशाको अन्त्य गर्नेछौं।

४८. समृद्ध नेपालका लागि हाम्रो प्राथमिकता - कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने, यसलाई उद्योग तथा सेवासँग समन्वय गरेर अघि बढाउने हुनेछ। पूर्वाधार - फराकिलो, गुणस्तरीय, आकर्षक, दिगो तथा नवीन हुनेछ। यातायात पूर्वाधारमा सडक, रेल, जल तथा हवाईमार्गको समन्वयात्मक रूपमा विकास, विस्तार र सुदृढीकरण गरिनेछ । कनेक्टिभिटीमा डिजिट लाइजेशन प्लेटफर्म थप गरिनेछ। यसबाट अनलाइन सेवा मार्फत सेवाग्राहीलाई सेवाप्रदायकसँग भौतिक रूपमा गर्नुपर्ने गलफत्तीबाट जोगाइनेछ। डिजिटल नेपाल प्लेटफर्मले शिक्षा र सञ्चार मात्रै हैन, कृषि, उद्योग, सिचाइ, ऊर्जा, यातायात, पर्यटन, स्वास्थ्य, श्रम, सुरक्षा लगायत नागरिकसँग सम्बन्धित सबै आयामहरूलाई समेट्नेछ ।

४९. सम्वत् २१०० सम्मको दीर्घकालीन सोच अनुरूप सबै क्रियाकलापहरू निर्देशित हुनेछन्। अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा पर्न सक्ने प्रभाव विश्लेषण गरी आवश्यक रणनीति एवं कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। दिगो विकास लक्ष्य हासिल गर्ने विषयलाई हमेशा ध्यानमा राखिनेछ। कोभिड महामारीले हाम्रो विकास यात्रालाई अवरुद्ध गर्न नपाओस् भन्ने कुरामा सजगता अपनाइनेछ ।

५०. विरासतमा प्राप्त सबै अधुरा अपुरा परियोजनाहरू सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ। पूरा हुन नसक्ने या महत्व गुमाएका परियोजनाहरूको पुनरावलोकन गरी आवश्यक निर्णय गरिनेछ ।

५१. व्यापार सन्तुलन कायम गर्ने नीति अन्तरगत रहेर सौविध्यपूर्ण व्यापार सुविधाको पूर्ण उपयोग, व्यापार तथा पारवहन सम्बन्धी सन्धि, सम्झौता पुनरावलोकन, नेपाली उत्पादनको बजार पहुँच वृद्धि गर्न थप मुलुकसँग व्यापार सम्झौता, सार्वजनिक निजी व्यवसाय सम्वाद मञ्चलाई कार्यमूलक बनाउने र नेपाली उत्पादनलाई अवाञ्छित प्रतिस्पर्धा बाट जोगाउने व्यवस्था मिलाइनेछ। खानीहरूको पहिचान, उत्खनन्, प्रशोधन र प्रयोगलाई तीब्र पारिनेछ ।

५२. जनशक्तिको विकास हाम्रो नीतिको केन्द्र भागमा रहनेछ। उपलब्ध जनशक्तिलाई दक्ष बनाउने, आवश्यक नयाँ जनशक्ति प्राप्त गर्न नयाँ तालिम, प्रशिक्षण, छात्रवृत्ति र प्रोत्साहन प्रदान गरिनेछ। अन द जब तालिमबाट क्षमता अभिवृद्धि गर्ने र अध्ययनरत विद्यार्थीहरूलाई इन्टर्नशीप सेवा मार्फत् भविष्यको श्रम बजारप्रति जानकार बनाउने विधि अपनाइनेछ। हजारौंको सङ्ख्यामा आवश्यक प्राविधिक जनशक्ति तयार गर्ने एवं प्राविधिक र आम शिक्षाबीच अनुपातमा सन्तुलन कायम गरिनेछ। कुनै बालबालिका विद्यालय बाहिर नरहने, पढाइ बीचैमा छाड्ने स्थिति (ड्रप आउट) लाई नियन्त्रण गर्ने तथा सबैलाई गुणस्तरीय शिक्षाको पहुँचभित्र ल्याउने कार्यक्रम अगाडि बढाइनेछ ।

५३. पूर्वाधार आयोजनाको पहिचानदेखि अन्त्यसम्मका सबै चरणमा समन्वय गर्न, स्रोतको कुशल र दक्ष उपयोग गर्न, दोहोरोपना हटाउन र सम्बद्ध निकायहरूको जिम्मेवारी स्पष्ट गरी सबै प्रकारका सार्वजनिक पूर्वाधार एकीकृत अवधारणामा विकास गर्न अधिकारसम्पन्न उच्चस्तरीय संयन्त्र निर्माण गरिनेछ ।

५४. सार्वजनिक-निजी साझेदारी तथा सरकारी लगानी ठूला जलाशययुक्त विद्युत उत्पादनमा केन्द्रित गर्ने, विद्युतमा आधारित यातायात प्रणालीको विस्तार र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने तथा बचत हुने विद्युत छिमेकी मुलुकहरूमा निर्यातको व्यवस्था गरिनेछ। भारतका आन्तरिक जलमार्गका साहिबगञ्ज, कालुघाट र वाराणसी बन्दरगाहको उपयोग गरी आन्तरिक जलमार्ग मार्फत् अन्तर्राषट्रिय व्यापार विस्तार गरिनेछ ।

५५. विपद् जोखिमबाट सुरक्षित नेपाल निर्माणको नीति लिइनेछ। यसका लागि जोखिममुक्त संरचना निर्माण, विपद्को पूर्व सूचना प्रणालीको विकास, विपद् सम्बन्धी जनचेतनाको अभिवृद्धिमा जोड दिइनेछ। सातै प्रदेशमा आवश्यक सेवा सुविधासहित तत्काल क्रियाशील हुने विपद् उद्धार तथा व्यवस्थापन केन्द्रको व्यवस्था गरिनेछ। प्राकृतिक प्रकोपको उच्च जोखिम र निरन्तरको विपद्को वास्तविकतालाई ध्यानमा राखी विपद् पछिको पुनर्निर्माणसम्बन्धी कार्यको व्यवस्थापन गर्न रार्षट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पुन:संरचना गरिनेछ। विपद्बाट विस्थापित परिवारहरूलाई उपयुक्त बसोबासको व्यवस्था, जोखिमयुक्त बस्तीहरूको सुरक्षित स्थानान्तरण, एकीकृत वस्तीको विकास र फुसले छाएका भवनका छाना जस्तापाताले प्रतिस्थापन गर्ने नीति लिइनेछ। वन डँढेलो लगायत विपत्तिहरूको सामना गर्न साधनस्रोतहरूको प्रबन्ध गरिनेछ ।

५६. नेपालको प्रकृति, संस्कृति, पर्यावरण र सामाजिक जीवनलाई प्रवर्द्धन गर्दै आकर्षक पर्यटन गन्तव्य बनाउने नीति लिइनेछ। नेपालको सभ्यता, संस्कृति, कला, साहित्य, भाषा, रहनसहन, चाडपर्व, रीतिरिवाज, परम्परा र भेषभूषा एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई सफ्ट पावरको रूपमा विश्वसामु प्रस्तुत गरिनेछ ।

५७. नेपालका हिमशृङ्खला, पारिस्थितिक प्रणाली र वनजङ्गलले जलवायु अनुकूलन र वातावरणीय सन्तुलनमा पुऱ्याएको विशिष्ट योगदान तथा कार्बन उत्सर्जनमा नगण्य भूमिका हुँदा पनि नेपालले असन्तुलित रूपमा भोग्नुपरेका प्रतिकूल असरहरूका बारेमा विश्वको ध्यानाकर्षण गराइनेछ। जलवायु अनुकूलन र असर न्यूनीकरणका लागि अन्तर्रार्षट्रिय वित्तीय तथा प्राविधिक संयन्त्रबाट अधिकतम स्रोत र सहयोग परिचालन गर्न पहल गरिनेछ ।

५८. निरोगी नेपाल निर्माणका लागि सरल, सुलभ, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउने गरी

वांकी अन्तिम पेजमा...